# ३३ औं विश्व खाद्य दिवस कार्यक्रम-प्रगति विवरण

## Proceeding of 33rd WORLD FOOD DAY PROGRAMME

“खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार” (२०७०)

"Sustainable Food Systems for Security and Nutrition" (2013)




विश्व खाद्य दिवस समिति, नेपालको सचिवालय

**कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय**

हरिहरभवन, ललितपुर

२०७०

# ३३ औं विश्व खाद्य दिवस
# कार्यक्रम-प्रगति विवरण

## Proceeding of 33rd
## WORLD FOOD DAY PROGRAMME

“खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार” (२०७०)

**"Sustainable Food Systems for Security and Nutrition" (2013)**

**विश्व खाद्य दिवस समिति, नेपालको सचिवालय**

**कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय**

हरिहरभवन, ललितपुर

२०७०

# मन्तव्य

खाद्य तथा पोषण मानिसलाई नभई नहुने आवश्यकता हो । यसलाई मौलिक अधिकारको रुपमा लिइ भोकमरी, कुपोषण र गरिवी हटाउने उद्देश्यले १९५१ देखि अक्टुबर १६ का दिन संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनको आव्हानमा यसका सदस्य देशहरुमा विश्व खाद्य दिवस मनाइदै आएको छ । यसको लागि प्रत्येक वर्ष संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन रोमबाट उपयुक्त नारा अंग्रेजीमा तोकी संसारभरको करिब १९४ सदस्य राष्ट्रहरुमा पठाउने र अन्य देशमा जस्तै नेपालमा पनि विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेर विश्व खाद्य दिवस प्रत्येक वर्ष मनाइदै आएको छ । यसै परिप्रेक्षमा यस ३३ औं विश्व खाद्य दिवसको नारा “खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार” रहेको छ । त्यसैगरी अंग्रेजी नारा "Sustainable Food System for Food Security" रहेको छ । नेपालको सन्दर्भमा यसको सान्दर्भिकता बारे हामी सबै सचेत एवं जागरुक हुनुपर्ने आवश्यकता छ ।

मानिसलाई स्वस्थ रहन खाना मात्र होईन, पौष्टिक तत्वहरु पनि अति आवश्यक छन् । खाद्य सुरक्षा र पोषणको आधार सुदृढ बनाउन देशको खाद्य तथा वितरण प्रणालीमा सुधार ल्याउनु पर्छ । यसको लागि स्थानीय स्तरका बासिन्दा र राज्य आफै सक्रिय हुनुपर्छ । नेपालको अन्तरिम संविधान, २०६३ भाग ३ ले मौलिक हक अन्तर्गत धारा १८ मा “प्रत्येक नेपाली नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ” भनी उल्लेख गरेको छ । यसर्थ खाद्य सुरक्षा र पोषणको आधार बलियो बनाउन व्यक्तिको मात्र नभई राष्ट्रको पनि दायित्व हो । यसरी सबैले आफ्नो दायित्व बोध गरी पुरा गरेमा देशमा खाद्य संकट पैदा हुन पाउँदैन र राज्यले प्रगतिको बाटो मोड्न सक्छ ।

नेपालमा ३३ औं विश्व खाद्य दिवस विभिन्न स्तरमा विविध गतिविधिहरु संचालन गरिएको र तिनीहरुको संकलन गरी प्रकाशन गर्ने उद्देश्य अनुरुप यो प्रकाशन गरिएको छ । साथै प्रत्येक वर्षमा झैं यस वर्ष पनि विभिन्न विधामा पुरस्कृत हुने महानुभावहरुको सफल कार्यको विवरण प्रस्तुत गरिएको छ ।

यो पुस्तिका तयार पार्न योगदान गर्ने कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयका कार्यक्रम निर्देशक, अन्य कर्मचारीहरु र जिल्ला कृषि विकास कार्यालयहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

डा. युवक ध्वज जी. सी.
महा-निर्देशक
कृषि विभाग, एवं
अध्यक्ष
विश्व खाद्य दिवस समिति, नेपाल

# दुई शब्द

भोकमरी, कुपोषण र गरिबी हटाउनको लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्य लिई "खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार" (Sustainable Food System, for Security and Nutrition) नाराका साथ ३३ औं विश्व खाद्य दिवस जिल्ला तथा केन्द्रिय स्तरमा २०७०/०६/२१ देखि २०७०/०७/१५ सम्म प्रवचन, अवलोकन भ्रमण, पुरस्कार वितरण, सन्देश प्रसारण आदी कार्यक्रम गरी मनाइयो ।

केन्द्रिय स्तरमा ३३ औं विश्व खाद्य दिवस मनाउने क्रममा २०७०/०६/३० गते तदनुसार अक्टुबर, १६, २०१३ का दिन माननीय कृषि विकास तथा भू-संरक्षण मन्त्रीज्यूबाट रेडियो नेपाल मार्फत सन्देश प्रसारण भएको थियो साथै २०७० साल कार्तिक १३ गतेका दिन माननीय कृषि विकास तथा भू-संरक्षण मन्त्री टेक बहादुर घर्ती मगरज्यूको प्रमुख आतिथ्यमा राष्ट्रिय स्तरमा विभिन्न विधामा उत्कृष्ट भएका कृषक तथा व्यवसायी महानुभावहरुलाई पुरस्कार वितरण गरी सम्मान गरिएको थियो । उक्त दिनमा नै माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू लगायत अन्य विज्ञहरु र पुरस्कृत कृषकबाट यस वर्षको नारा र यसको महत्व बारे मन्तव्यको समेत कार्यक्रम रहेको थियो ।

३३ औं विश्व खाद्य दिवस कार्यक्रम मनाउने सम्बन्धमा गरिएका गतिविधिहरुलाई समेटेर यो प्रतिवेदन पुस्तिका तयार गरिएको छ । यो पुस्तिका तयार पार्न सघाउ पुऱ्याउने कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयका वरिष्ठ कृषि बजार विज्ञ बीना चित्रकार, कृषि बजार विज्ञ योगेश्वरी हाडा र कम्प्युटर अपरेटर मोहन श्रेष्ठ तथा अन्य कर्मचारीहरु र जिल्ला कृषि विकास कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस्ता कार्यक्रमहरु अझ बढी प्रभावकारी रुपमा संचालन गर्न पाठक वर्गबाट उपयुक्त सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

डा. हरिबाबु तिवारी
कार्यक्रम निर्देशक
कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय,
एवं
सदस्य सचिव
विश्व खाद्य दिवस समिति, नेपाल

जेष्ठ, २०७१

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १) | ३३ औं विश्व खाद्य दिवस समारोहको संक्षिप्त विवरण | १ |
| २) | ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा माननीय कृषि बिकास र बन तथा भुसंरक्षण मन्त्री श्री टेक बहादुर थापा घर्तीले दिनु भएको रेडियो सन्देश | ६ |
| ३) | ३३ औं विश्व खाद्य दिवस पुरस्कार वितरण समारोह कार्यक्रम तालिका | ८ |
| ४) | ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा विभिन्न विधा अन्तर्गत राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत हुने कृषक, कृषक समूह एवं संस्थाहरुको एक झलक | १० |
| ५) | ३३ औं विश्व खाद्य दिबसको उपलक्ष्यमा आयोजित पुरस्कार बितरण कार्यक्रममा माननीय कृषि बिकास र बन तथा भूसंरक्षण मन्त्री टेक बहादुर थापा घर्तीको मन्तव्य | १८ |
| ६) | ३३ औं विश्व खाद्य दिबसको उपलक्ष्यमा आयोजित पुरस्कार बितरण कार्यक्रममा कृषि बिकास सचिब श्री जय मुकुन्द खनालको मन्तव्य | २० |
| ७) | समारोहका अध्यक्ष तथा महानिर्देशक श्री लीलाराम पौड्यालको मन्तव्य | २२ |
| ८) | सदस्य सचिब तथा कार्यक्रम निर्देशक डा.हरिबाबु तिवारीन्यूबाट कार्यक्रमको उद्देश्यबारे प्रकाश | २३ |
| ९) | World Food Day 2013 Message of the Director-General of FAO, Jose Graziono da Silva | २४ |
| १०) | ३३ औं विश्व खाद्य दिवसको अवसरमा कृषक, व्यापारी तथा व्यवसायिहरुलाई गराईएको भ्रमणको कार्य तालिका | २६ |
| ११) | ३३ औं विश्व खाद्य दिवसमा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट पुरस्कृत भएका कृषक, व्यापारी तथा व्यवसायिहरुलाई गराएको भ्रमण प्रतिवेदन | २७ |
| १२) | ३३ औं विश्व खाद्य दिवसको सन्दर्भमा गरिएका प्रमुख कार्यहरु | २९ |
| १३) | जिल्ला जिल्लामा मनाईएको ३३ औं विश्व खाद्य दिवसको कार्य प्रगति विवरण | ३१ |
| १४) | ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा जिल्ला कृषि विकास कार्यालयद्धारा आयोजित विद्यालय स्तरिय खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार (Sustainable Food Systems for Security and Nutrition) विषयक निबन्ध प्रतियोगितामा पुरस्कृत ठहरिएका केहि निबन्धहरुको झलक | ५१ |
| १५) | ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा विभिन्न विधा अन्तर्गत राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत हुनुभएका कृषक, कृषक समूह, व्यापारी, बजार संचालक समिति एवं संघ संस्थाहरुको विवरण | ६३ |
| १६) | राष्ट्रिय सभा गृह, काठमाडौंमा ३३ औं विश्व खाद्य दिवस मनाउँदाको केही तस्वीरहरुको झलक | ७५ |
| १७) | ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा विभिन्न विधा अन्तर्गत राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत हुनुभएका कृषक, कृषक समूह, व्यापारी, बजार संचालक समिति एवं संघ संस्थाहरुलाई प्रदान गरिएको प्रमाणपत्रहरुको नमूनाहरु | ७९ |
| १८) | हालसम्म मनाईएका विश्व खाद्य दिवसका नाराहरु (THEME OF THE WORLD FOOD DAY) | ८५ |

# ३३ औं विश्व खाद्य दिवस समारोहको संक्षिप्त विवरण

## १. परिचय

खाद्य तथा पोषण मानिसको अत्यावश्यकीय आवश्यकता हो । यसलाई मौलिक अधिकारको रुपमा लिइएको छ । विश्वको खाद्य उत्पादनले सबै मानिसलाई खान पुग्ने अवस्था देखिन्छ तापनि करिब ८५ करोड मानिसहरुले पर्याप्त खाद्य वस्तु खान पाएका छैनन् । नेपालको अवस्था हेर्ने हो भने करीब ६४ लाख गरिबीको रेखामुनि रहेका मानिसहरुमा पर्याप्त खाद्य वस्तु नपुगेको अवस्था देखिन्छ । नेपालमा करीब २० वर्ष अघि ५७,६४,००० मे.टन. (२०४६/०४७, २०४७/०४८ सरदर) खाद्य बाली उत्पादन भएकोमा आज ९०,९८,००० मे.टन. (२०६८/०६९, २०६९/०७० सरदर) पुगेको अवस्था छ । यस आधारमा वार्षिक ३.५ प्रतिशतले खाद्य उत्पादन बढेको अवस्था छ । वि.सं. २०५१/०५२ मा नेपालमा ५५ जिल्लामा खाद्यान्न नपुग हुने अवस्थाबाट २०६९/०७० मा ३३ जिल्लामा खाद्यान्न नपुग हुने अवस्था पुगेको छ ।

विश्वको खाद्य समस्यालाई एकताबद्ध रुपमा सम्बोधन गर्ने उद्देश्यले विश्व खाद्य तथा कृषि संगठनले सन् १९८१ देखि विश्व खाद्य दिवस मनाउने थालनी गरेको हो । संगठनले प्रत्येक वर्ष विश्व खाद्य दिवसको नारा तोकी संसारभरका लगभग १९४ सदस्य राष्ट्रहरुमा पठाउने गर्दछ ।

यस वर्ष विश्व खाद्य तथा कृषि संगठनले विश्व खाद्य दिवसको अंग्रेजी नारा **"Sustainale Food System for food Security and Nutrition"** थियो भने नेपालीमा **"खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार"** रहेको थियो । कृषिमा व्यवसायीकरणको क्रममा अत्याधिक रासायनिक मल, विषादीको प्रयोग, माटोको गुणस्तर र मानवीय स्वास्थ्य रक्षा चुनौतीपूर्ण बनेको छ । यस सन्दर्भमा यस वर्षको नारा अत्यन्त सान्दर्भिक भएको छ । खाद्य उत्पादन देखि वितरण, प्रशोधन र उपयोगका चरणहरुमा दिगो पद्धतीहरुको अवलम्बन गर्न यस वर्षको नाराले सन्देश दिएको छ ।

खाद्य सुरक्षाको महत्व, अवस्था र उपायहरु बारे सचेतना र सरोकारवालाहरुलाई घचघच्याउने उद्देश्यले विश्व खाद्य दिवस नेपालभर मनाइयो । नेपालले सन् १९८१ देखि विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेर विश्व खाद्य दिवस प्रत्येक वर्ष मनाइदै आएको छ । नेपालमा खाद्य सुरक्षा सुरक्षित गर्ने उद्देश्य सहित कृषि विकास रणनिति तयार गरिएको छ । साथसाथै, खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्य उत्पादन वृद्धि, आय आर्जन, प्रशोधन, बजारीकरण, जलवायु परिवर्तन अनुकुल बालीहरुको विकास, प्राङ्गारिक खेतीको प्रवर्द्धन जस्ता कार्यक्रमहरु तर्फ जोड दिइएको छ ।

विश्व खाद्य दिवस समिति, नेपालबाट यस वर्षको विश्व खाद्य दिवस माथि उल्लेखित नारा सहित विश्व खाद्य दिवस कार्यक्रम २०७० साल आश्विन १७ गते देखि कार्तिक १५ गतेसम्म विभिन्न कार्यक्रमहरु गरी देशभर मनाइएको थियो ।

## २. उद्देश्य :

क) भोकमरी, कुपोषण र गरिबी हटाउनको लागि जन चेतना अभिवृद्धि गर्ने ।

ख) खाद्य उत्पादन वृद्धि गर्ने प्रयासमा अविरल रुपमा लाग्ने र स्वस्थ खाद्य वस्तु पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो भन्ने जनचेतना प्रत्येक नागरिक र समाजमा पुऱ्याउने ।

ग) खाद्यान्न बाली तथा अन्य खाद्य वस्तुहरुका मूल्यमा स्थिरता कायम गर्ने जनचेतना जगाउने ।

घ) मूल्य वृद्धिका कारणहरु पत्ता लगाई यसबाट पर्न गएको असरहरुलाई न्यूनीकरण गर्ने ।

ङ) खाद्यान्न, फलफूल, तरकारी, पशुपंक्षी, बिउ बिजन लगायत विभिन्न उत्कृष्ट कृषि उत्पादक कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी एवं कृषक समूह तथा सहकारी र पेशालाई सम्मानित गर्दै राष्ट्रिय तथा स्थानीय तहमा जनचेतना मूलक कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गर्ने ।

## ३. कार्यक्रमका गतिविधिहरु

क) ३३ औं विश्व खाद्य दिवस मनाउने क्रममा जिल्ला स्तरमा सबै जिल्ला सदरमुकामहरुमा २०७० आश्विन १७ गते देखि कार्तिक १५ गते भित्र जिल्ला कृषि विकास कार्यलयहरुको संयोजकत्वमा जनचेतनामुलक सामाग्री, पोष्टर वितरण, जिल्ला स्तरीय माध्यमिक विद्यालयका विद्यार्थीहरु बीच निबन्ध प्रतियोगिता, ऱ्याली जस्ता विभिन्न कार्यक्रमहरु संचालन गरिएको थियो ।

ख) केन्द्रियस्तरमा, २०१३ अक्टुबर १६, तदनुसार आश्विन ३० गतेका दिन माननीय कृषि विकास र वन तथा भू-संरक्षण मन्त्रीज्यूको सन्देश रेडियो नेपाल मार्फत प्रसारण गरिएको थियो । यस वर्ष नयाँ कार्यक्रमको रुपमा कार्तिक ९ गते कृषि विकास मन्त्रालयको उच्च अधिकारी, प्राध्यापक, वरिष्ठ विज्ञ, उपभोक्ता प्रतिनिधि र अगुवा कृषक लगायतको सहभागिता ए.बी.सी. टेलिभिजन मार्फत छलफल कार्यक्रम र ११ गते पत्रकार सम्मेलन भएको थियो ।

ग) २०७० कार्तिक १२ गते राष्ट्रिय स्तरमा विभिन्न विद्यार्थीहरुमा उत्कृष्ट कृषकहरु लगायत कर्मचारीहरु समेतको संलग्नतामा विभिन्न स्थानहरुको अवलोकन भ्रमण गराइएको थियो । नेपालको सबैभन्दा पहिलो र ठूलो कृषि उपज बजार कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति, नेपाल कृषि अनुसन्धान परिषद, खुमलटार, ICIMOD, गोदावरी आदी महत्वपूर्ण स्थलहरुको अवलोकन भ्रमण कार्य सम्पन्न गरिएको थियो ।

घ) २०७० कार्तिक १३ गते कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्रीज्यूको प्रमुख आतिथ्य तथा विभिन्न विशिष्ट महानुभावहरुको उपस्थितिमा राष्ट्रिय स्तरमा राष्ट्रिय सभागृह, भृकुटीमण्डप, काठमाडौंमा विभिन्न कार्यक्रमहरु सहित ३३ औं विश्व खाद्य दिवस मनाइयो ।

ङ) २०७० साल कार्तिक १३ गते (October 30, 2013) का दिन प्रमुख अतिथि माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्री श्री टेक बहादुर थापा घर्तीज्यू तथा विशिष्ट महानुभावहरुको आगमन पश्चात राष्ट्रिय गान प्रस्तुत गरियो । त्यसपछि ३३ औं विश्व खाद्य दिवसका सदस्य सचिव एवं कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयका कार्यक्रम निर्देशक डा. हरिबाबु तिवारीज्यूले कार्यक्रम बारे जानकारी गराउनु भएको थियो । त्यस पश्चात कार्यक्रमका प्रमुख अतिथिज्यूबाट पानसमा बत्ती बाली कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो ।

च) २०७० कार्तिक १२ गते कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्रीज्यूको प्रमुख आतिथ्य तथा विभिन्न विशिष्ट महानुभावहरुको विभिन्न विधामा उत्कृष्ट भएका कृषक तथा व्यवसायी महानुभावहरुलाई पुरस्कार वितरण गरी सम्मान गरिएको थियो ।

- धान बालीमा ८ मे.टन. प्रति हेक्टर उत्पादन गर्ने राष्ट्रियस्तरमा प्रथम पुरस्कृत कृषक विजेता काभ्रे जिल्ला पनौती १० का श्री कृष्ण प्रसाद तिमिल्सिना हुनुहुन्थ्यो । यसैगरी धान बालीमा ६.०५ मे.ट. प्रति हेक्टर उत्पादन गर्ने मकवानपुर जिल्ला मनहरी ७ का कृषक श्री प्रकाश भट्टले द्धितीय स्थान प्राप्त गर्नुभएको थियो भने क्रमश ६.२० र ५.५४ मे.टन. प्रति हेक्टरमा धान उत्पादन गरी तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्ने बर्दिया जिल्ला बगनाह २, का श्री विमलाखर न्यौपाने र मकवानपुर जिल्ला फापरबारी ५ का श्री गोविन्द राज श्रेष्ठ थिए ।
- यसैगरी गहुँ बालीमा ४.२० मे.टन. प्रति हेक्टर उत्पादन गर्ने राष्ट्रिस्तरमा प्रथम पुरस्कृत कृषक कैलाली जिल्ला चौमाला २ का श्री पटवारी राना हुनुहुन्थ्यो । ३.९६ मे.टन. प्रति हेक्टर गहुँ उत्पादन गर्ने राष्ट्रियस्तरमा द्धितीय पुरस्कृत कृषक कैलाली जिल्ला उर्मा ८ का श्री फूलराम चौधरी हुनुहुन्थ्यो । त्यसैगरी ३.९० मे.टन. प्रति हेक्टर गहुँ उत्पादन गर्ने राष्ट्रियस्तरमा तृतीय पुरस्कार प्राप्त गर्ने बर्दिया जिल्ला मानपुरटपरा २ का श्री जुगराम थारु हुनुहुन्थ्यो भने ३.८५ मे.टन. उत्पादन गर्ने राष्ट्रिय स्तरमा सान्त्वना पुरस्कार प्राप्त गर्ने कैलाली जिल्ला चौमाला ४ का श्री मुक्तीराम आचार्य हुनुहुन्थ्यो ।
- यसैगरी मकैबालीमा ४.७३ मे.टन. प्रति हेक्टर उत्पादन गर्ने राष्ट्रियस्तरमा प्रथम पुरस्कृत कृषक मकवानपुर जिल्ला नामटार ७ का श्री राजकुमार शिवाकोटी ज्यू हुनुहुथ्यो । त्यस्तै ४.५५ मे.टन. प्रति हेक्टर मकै उत्पादन गर्ने राष्ट्रिय स्तरमा द्धितीय स्थान प्राप्त गर्ने मकवानपुर जिल्ला नामटार १ का श्री सूर्यबहादुर गोले हुनुहुन्थ्यो । त्यस्तै ४.१७ मे.टन. प्रति हेक्टर मकै उत्पादन गर्ने राष्ट्रिय स्तरमा तृतीय स्थान प्राप्त गरी पुरस्कृत हुनेमा मकवानपुर जिल्ला हाँडीखोला ९ का श्री रामप्रसाद कँडेल हुनुहुन्थ्यो र सान्त्वना पुरस्कार प्राप्त गर्ने श्री तीलबहादुर श्रेष्ठ थिए । उनले ३.९५ मे.टन. मकै प्रति हेक्टर उत्पादन गरेका थिए ।
- यसैगरी आलु बाली तर्फ २२.०० मे.टन. प्रति हेक्टर आलु उत्पादन गरी राष्ट्रिय स्तरमा प्रथम स्थान हाँसिल गर्नुहुने सोलुखुम्बु जिल्ला टिङ्गला ७ का श्री चोक बहादुर कार्की हुनुहुन्थ्यो । त्यस्तै २०.२ मे.टन. आलु उत्पादन गरी राष्ट्रि स्तरमा द्धितीय स्थान पक्का गर्ने सोलुखुम्बु जिल्ला टिङ्गला ७ का श्री गीता राई हुनुहुन्थ्यो भने तृतीय पुरस्कार प्राप्त गर्ने सोलुखुम्बु जिल्ला कै बेती ८ का श्री सुम्वा शेर्पा थिए । उनले १९.६० मे.टन. प्रति हेक्टर आलु उत्पादन गरेका थिए र सोलुखुम्बु जिल्ला सेताङ ३ का श्री कुबीरधन राईले १९.२ मे.टन. आलु उत्पादन गरी सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो ।
- यसरी नै महिला कृषक समूह, कृषि उत्पादन कार्यमा महिला कृषकहरुलाई उल्लेखनीय सहभागिता गराउने कार्यमा योगदान पुर्‍याएका जिल्ला कृषि विकास/पशु सेवा कार्यालयहरु,

उत्कृष्ट फलफूल बगैंचा व्यवस्थापन, बढी माछा उत्पादन, उत्कृष्ट अन्न भण्डारण, उत्कृष्ट कृषि उपज बजार संचालक समिति (थोक बजार), उत्कृष्ट कृषि उपज बजार संचालक समिति (हाट एवं संकलन केन्द्र), कृषि उपज कारोबार गर्ने उत्कृष्ट व्यापारी, उत्कृष्ट बीउ उत्पादक कृषक, बीउ बिजन उत्पादन तथा बितरण (नीजी क्षेत्रका बीउ बिजन कम्पनी), उत्कृष्ट बीउ उत्पादन कृषक समूह/सहकारी, उत्कृष्ट आइ.पि.एम. कृषक पाठशाला/समुहहरु, उत्कृष्ट साँढे पालक कृषक समूह, उत्कृष्ट राँगो पालक कृषक समूह, उत्कृष्ट व्यवसायिक बाखा फार्म, उत्कृष्ट कृत्रिम गर्भाधान कर्ताहरु, उत्कृष्ट मासु बजार व्यवसाय, उत्कृष्ट साना डेरी उद्योग तर्फ, उत्कृष्ट व्यवसायिक पशु पालन कृषक/समूह/समिति, उत्कृष्ट पशु हाट बजार, उत्कृष्ट ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, घाँसबालीमा आधारित व्यवसायिक उन्नत गाई फार्म संचालन गरी कृषक व्यवसायीलाई नमूना प्रदर्शन, उत्कृष्ट सृजनात्मक काम गर्ने कृषक र सहकारी संस्था वा अन्य संघ संस्था, सेराना मौरी पालन कृषक, मेलीफेरा मौरी पालन कृषक जस्ता विभिन्न विधाहरुमा उत्कृष्ट हुने पुरस्कृत विजेता कृषक महानुभावहरुलाई प्रमुख अतिथि माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्रीज्यूबाट प्रमाणपत्र, नगद पुरस्कार, शिल्ड वितरण गर्नु भएको थियो ।

छ) उक्त समारोहमा सयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन नेपालका FAO Representative Dr, Somsak Pipoppinyo ले World Food Day 2013 को Jose Graziano da Silva को मन्तव्य पढेर सुनाउनु भएको थियो । यस वर्षको विश्व खाद्य दिवसको नारा **"Sustainable Food System for Food Security and Nutrtion"** को बारेमा विशेष प्रकाश पारिएको थियो । विश्वमा खाद्य समस्याको दुई प्रमुख कारणहरु मध्ये एक कसरी पोषणयुक्त खाद्य सर्व साधारणलाई उपलब्ध गराउने र अर्को कसरी वातावरणयुक्त तरिकाले दिगो उत्पादन र उपभोग गर्ने भन्ने कुरा प्रस्तुत गर्नु भएको थियो ।

ज) उक्त समारोहमा कृषि विकास मन्त्रालयका सचिव श्री जय मुकुन्द खनालज्यूले आफ्नो मन्तव्य राख्दै भन्नुभयो "खाद्य सुरक्षा अन्तर्गत सबैमा खाद्य उपलब्धता सबैको पहुँच, सन्तुलित उपयोग र स्थिरता गरी ४ आयामहरु पर्दछन । खाद्य सुरक्षा तथा पोषण मानव जीवनका आधारभूत र सर्वाधिक महत्वपूर्ण आवश्यकता भएपनि खाद्य असुरक्षा विश्व व्यापी रुपमै मानव जगतको साझा चुनौती बनेको छ । विश्वको खाद्य उत्पादन तथा उपलब्धता मानवीय उपभोगको लागि पर्याप्त छ । हाल विश्वमा प्रति व्यक्ति प्रति दिन २८०० क्यालोरी खाद्यान्न उपलब्ध छ तर झण्डै ८५ करोड मानिसहरु अल्पपोषित अवस्थामा बाँच्न बाध्य छन् । नेपालमा सबै व्यक्तिहरुलाई आवश्यक खाद्यान्न परिपूर्ति गर्नको लागि राष्ट्रिय उत्पादन समग्रमा पर्याप्त भएपनि मौसमी अस्थिरताले हुने अस्थिर उत्पादन, भौगोलिक विकटता र कम आयका कारण सबै नागरिकमा खाद्य सुरक्षा सुनिश्चित हुन नसकेको अवस्था हामी सबैका लागि चुनौतीको विषय बनेको छ । चुनौतीपूर्ण खाद्य सुरक्षाको वर्तमान परिस्थितिमा नेपालमा सरकारी तथा गैरसरकारी क्षेत्रहरुबाट खाद्य दिवस मनाउनु अवश्य पनि महत्वपूर्ण छ । यस वर्षको विश्व खाद्य दिवसको नारा "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**" नेपालको लागि अत्यन्त सान्दर्भिक जस्तो मलाई लाग्दछ ।"

झ) समारोहमा प्रमुख अतिथिको आसनबाटै बोल्दै माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्री श्री टेक बहादुर थापा घर्ती मगरज्यूले नेपालमा राष्ट्रिय विकासका अनेक प्रयासहरु गर्दागर्दै पनि देशमा गरिबी हट्न नसकेको, खाद्य सुरक्षा पूर्ण रुपले गर्न नसकेको, खाद्य उत्पादन न्यून हुनमा सिंचाइको कमी, अति वृष्टि, सुख्खा बाढी जस्ता अवस्थाको मुख्य कारक रहेको कारण देखाउनु भएको थियो ।

देशका सबै नागरिकलाई खाद्य सुरक्षा प्रदान गर्न सरकारले कृषि विकास रणनिति तर्फ खाद्य सुरक्षा, जलवायु परिवर्तन, अनुकुल तथा उच्च उत्पादन दिने बाली विकास, उत्पादनशील हाइब्रिड उपज अनुसन्धान, सुख्खा क्षेत्र अनुकुल बाली विकास र व्यवसायीकरणका उपायहरु तर्फ थप जोड दिनुभएको थियो ।

खाद्य सुरक्षा प्रदान गर्न सरकारले योजना तथा निति बनाए पनि सरकार आफैले उत्पादन, प्रशोधन र बेचबिखन गर्दैन । खाद्य सुरक्षा सुनिश्चित गर्न सरकारी प्रयत्न मात्र पर्याप्त हुँदैन । खाद्य सुरक्षा प्रदान गर्ने कार्यमा कृषक, व्यापारी र उद्योगी तथा व्यवसायीको भूमिका अहम रहन्छ । यस कार्यमा गैर सरकारी संस्था, विश्वविद्यालय, पत्रकार सबैले उल्लेख्य योगदान गर्नुपर्ने हुन्छ । अत: पुरस्कृत व्यक्ति लगायत सबै सरोकारवालाहरुले सरकारको योजना अनुरुप उत्पादन वृद्धि र खाद्य सुरक्षा बढाउन उल्लेख्य योगदान विशेष आह्वान गर्नुभएको थियो ।

ञ) विश्व खाद्य दिवसका विभिन्न पक्षमा प्रकाश पार्दै कृषि विभागका महा-निर्देशक तथा ३३ औं विश्व खाद्य दिवस समिति, नेपालका अध्यक्ष्य श्री लीलाराम पौडेलज्यूले आफ्नो भनाई राख्नु हुँदै समारोह समापन एवं विसर्जन गर्नुभएको थियो । आफ्नो मन्तव्यमा उहाँले यस समारोहको सफलताको लागि पाल्नुभएका विशिष्ट अतिथिज्यूहरुलाई विश्व खाद्य दिवस समिति नेपाल र कृषि विभागको तर्फबाट म धन्यवाद दिन चाहन्छु । विश्वमा २ अर्ब जनसंख्या भिटामिन र खनिज पदार्थको कमी पाइएको छ । १ अर्ब ४ करोड मानिस बढी तौलको कारण मुटु, मधुमेह र अन्य स्वास्थ्य सम्बन्धी समस्याहरुबाट पिडित छन् । कृषि तथा पशुपालन तर्फ स्वच्छ र स्वस्थ खाद्य पदार्थको उत्पादन तथा उपभोग बढाउन सकेमा यस्ता समस्याहरुबाट बच्न सकिने प्रशस्त संभावना हुन्छ । बढीरहेको जनसंख्लाई पर्याप्त खाद्य व्यवस्था गर्ने संदर्भमा माटोको गुणस्तर, पर्यावरण र मानव स्वास्थ्य संरक्षण गर्दै उत्पादन बढाउन रासयनिक तथा जैविक मल र विषादी लगायतका पोषण तत्वहरुको संतुलित उपयोग गर्ने तर्फ हाम्रा प्रयासहरु केन्द्रित छन् । यसलाई अझ विस्तार गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्नु पर्दछ । अन्तमा आमन्त्रित तथा अन्य सम्पूर्ण सहभागीहरुलाई कार्यक्रम सफल पार्न सघाउ पुऱ्याउनु भएकोमा धन्यवाद दिदै आजको यस कार्यक्रम यहीं समाप्त भएको जानकारी गराउन चाहन्छु भन्दै समारोह समापन गर्नु भएको थियो ।

# ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा
# माननीय कृषि बिकास र बन तथा भुसंरक्षण मन्त्री
# श्री टेक बहादुर थापा घर्तीले दिनु भएको रेडियो सन्देश
# (आश्विन ३०, २०७०)

**दिदीबहिनी तथा दाजुभाइहरु,**

आज अक्टोवर १६ का दिन संसारभर ३३ औं विश्व खाद्य दिबस उत्साहपूर्वक मनाईंदै छ । "**खाद्य सुरक्षा तथा पोषणको आधार, खाद्य प्रणालीमा दीगो सुधार**" भन्ने नारा सहित नेपालमा यो दिवस आश्वीन १७ गते देखि कार्तिक १६ गते एक महिनासम्म राष्ट्रिय तथा जिल्लास्तरमा विविध कार्यक्रमहरु संचालन गरी मनाइन्छ ।

खाद्य मानव जीवनको आधारभूत र सर्वाधिक महत्वपूर्ण आबश्यकता हो । तर खाद्य असुरक्षा विश्वव्यापी रुपमै मानव जगतको साझा चुनौति वनेको छ । संसार भरी ८७ करोड मानिसहरु अल्पपोषित अवस्थामा बाँच्न बाध्य छन्  जसमध्ये १६.५ करोड भविष्यका कर्णधार बालबालिकाहरु पर्छन, २ अर्ब मानिसहरुमा भिटामिन तथा खनिज तत्वको कमि छ । नेपाल पनि खाद्य तथा पोषण सुरक्षाको विश्वव्यापी चुनौतिवाट अछुतो छैन । गत आ.व.को तथ्यांकलाई हेर्दा नेपालका ३३ वटा जिल्लाहरु खाद्य असुरक्षित छन् । क्षेत्रगत रुपमा अति बिकट उच्च पहाडी भू भाग र वर्गीय रुपमा गरीव र न्यून आय भएका परिबारमा यो समस्या अझ विकराल छ । यो समस्यालाई जनसंख्या बृद्धिले झन बिकराल बनाएकोछ ।

नेपाल सरकारले नागरिकहरुलाई खाद्य सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता अन्तरिम संबिधान मार्फत स्पष्ट गरेको छ । यस प्रतिबद्धतालाई कार्यान्वयन गर्ने क्रममा, सरकारले खाद्य असुरक्षा घटाउन र गरिबी न्यूनीकरण गर्न दीर्घकालीन र तत्कालीक उपायहरु अबलम्बन गरेको छ । खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्यबस्तुहरुको पर्याप्त उत्पादन तथा आपूर्ति, आम जनतामा पर्याप्त क्रयशक्ति विकास, भौतिक पूर्वाधार र सुगमताको बिकास, प्रभावकारी खाद्य संचय तथा ढुवानी एवं बजार व्यबस्थापन र सवै नागरिकमा पर्याप्त पोषण ज्ञान हुनु अपरिहार्य हुन्छ ।

सरकारले भर्खरै कृषि बिकास रणनीति तयार गरी लागु गर्न सुरु गरेको छ ।

कृषि बिकास रणनीति अन्तर्गत खाद्य सुरक्षालाइ एक महत्वपूर्ण क्षेत्रको रुपमा जोड  दिईएको छ । खाद्य उत्पादन, संचय, बिक्री बितरण र नागरिकको क्रयशक्तिमा उल्लेखनीय सुधार ल्याउन बिभिन्न आयोजना तथा कार्यक्रमहरु संचालन भैरहेका छन् ।

कृषि बिकास रणनीतिले ग्रामीण कृषि पुर्वाधार, सहकारी एवं नीजि क्षेत्र सहभागी कृषि व्यबसाय बिकास, सुदृढ अनुगमन सहितको सुशासन र उद्यमशीलता बिकासमा जोड दिने रणनीतिहरु सुझाए अनुरुप कार्यान्वयन सुरु गरिंदै छ । कृषि क्षेत्रमा लगानी क्रमश: बढाई बार्षिक ५ प्रतिशतले उत्पादन बढाउने लक्ष

हाँसिल गर्न नेपाल सरकारका सबद्ध निकायहरु कृयाशील रहेको तथ्य राख्न यस अबसरमा सांदर्भिक सम्झन्छु ।

सरकारले रासायनिक मलमा अनुदानको रकमलाई बढाएको छ । साथै, प्रांगारिक मलमा  अनुदान तथा प्रबिधि सहयोग गरी दीगो कृषि बिकासमा जोड दिएको छ ।

बाढी, पहिरो, अतिबृष्टि, सुख्खा आदि प्रकोपबाट हुने क्षतीबाट कृषकहरुलाई राहत दिन बिशेष कार्यक्रमहरु संचालन गर्ने गरिएको छ । व्याबसायिक कृषि उत्पादनमा उत्पादकको जोखीम व्यबस्थापन गर्न, सरकारले अनुदान सहित बिमाको कार्यक्रम सुरु गरिसकेको छ ।

खाद्य समस्या बिश्वव्यापी समस्या भएकोले यसलाई अन्तरराष्ट्रिय समुदायको संलग्नतामा सामुहिक प्रतिबद्धता र हल खोजिनु पर्ने हुन्छ । संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनले बर्षेनी खाद्य सुरक्षाको क्षेत्रमा विविध प्रयत्नहरु गर्दै आएको छ । संगठनबाट छनौट भए अनुसार यस वर्षको विश्व खाद्य दिवसको नारा अंग्रेजीमा **"Sustainable Food Systems for Food Security and Nutrition"** रहेको छ । यस नारालाई  नेपालीमा “**खाद्य सुरक्षा तथा पोषणको आधार, खाद्य प्रणालीमा दीगो सुधार**” भनी रुपान्तर गरिएको छ ।

नेपालमा विभिन्न भौगोलिक क्षेत्रमा स्थान बिशेष अनुसार धान बालीको अतिरिक्त मकै, गहुँ,  कोदो, उवा, फापर, कागनो, आलु, आदि विभिन्न बस्तुको उत्पादन हुने गरेको छ । तापनि ती बालीहरुलाई उपेक्षा गरिएका कारण खाद्य तथा पोषण समस्या झन चर्किन पुगेको छ । स्थान विशेषको संभाव्यताका आधारमा खाद्यबालीको उत्पादन तथा त्यसमा आधारित खानाका परिकारहरुको विकास र उपभोगमा जोड दिनु आबश्यक हुन्छ । यस कुरामा सरकारी प्रयासहरु भैरहेका  छन् । तर यस दिशामा सरकार एक्लैले गर्ने प्रयासहरु पर्याप्त हुँदैनन् । कृषक, आम नागरिक, गैरसरकारी क्षेत्र लगायत समग्र क्षेत्र र बर्गले यसतर्फ सहकार्य र योगदान गर्नु आबश्यक देख्दछु ।

पर्याप्त र संतुलित पोषण स्वस्थ आहार प्रणालीमा भर पर्दछ । स्वस्थ आहार प्रणाली स्वस्थ उत्पादन, प्रशोधन, संचय, ढुवानी, बेचबिखन र उपभोगमा भर पर्दछ । यी तथ्यलाई मध्यनजर गरी सरकारले राष्ट्रिय पोषण नीति तर्जुमा गरी कार्यान्वयन  गरिरहेको छ । उत्पादन, प्रशोधन, संचय, ढुवानी, बेचबिखन र उपभोग प्रणालीद्धारा पर्याप्त खाद्य तथा पोषण सुनिश्चित  गर्न एकिकृत प्रयासहरु भैरहेका छन् । खाद्य बस्तुको मापदण्ड निर्धारण, अनुगमन तथा नियन्त्रणका कार्यहरु  भैरहेका छन् । यसकार्यमा उत्पादन कृषक, व्यबसायी, उद्योगी, बुद्धिजीबि तथा सरोकारवाला सबैले सकिय योगदान गर्न अपील गर्दछु ।

अन्तमा, दीगो उत्पादन, बेचबिखन, प्रशोधन र उपभोग द्धारा खाद्य सुरक्षा सुदृढ गर्ने अत्याबश्यक र संबेदनशील कार्यमा सबैको सहभागीता तथा सहयोगको अपील गर्दछु ।

धन्यवाद !

# विश्व खाद्य दिवस समिति, नेपाल
# ३३ औं विश्व खाद्य दिवस पुरस्कार वितरण समारोह
# कार्यक्रम तालिका

मिति : २०७०/०७/१३

नारा : "खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार"
**(Sustainable Food Systems for Food Security and Nutrition)**

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं

| क्र.सं. | कार्यक्रम | समय |
|---|---|---|
| १. | सहभागीहरुको रजिष्ट्रेशन | |
| २. | प्रमुख अतिथि माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्री श्री टेक बहादुर थापा घर्तीज्यू लगायत अन्य विशिष्ट महानुभावहरुको आगमन | ११:०० बजे |
| ३. | राष्ट्रिय गान | ४ मिनेट |
| ४. | कार्यक्रम बारे जानकारी : डा. हरिबाबु तिवारी, सदस्य सचिव एवं कार्यक्रम निर्देशकज्यू | ६ मिनेट |
| ५. | समुद्घाटन : माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्रीज्यू | ४ मिनेट |
| ६. | पुरस्कार वितरण : माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्रीज्यू | ५६ मिनेट |
| ७. | मन्तव्य : पुरस्कृत कृषकहरुमध्ये - १ जना | ८ मिनेट |
| ८. | मन्तव्य : एफ.ए.ओ. आवासीय प्रतिनिधि **(FAO Representative in Nepal, Dr. Somsak Pipoppinyo)** | ८ मिनेट |
| ९. | मन्तव्य : श्रीमान सचिव श्री जय मुकुन्द खनालज्यू, कृषि विकास मन्त्रालय | ८ मिनेट |
| १०. | मन्तव्य : माननीय उपाध्यक्षज्यू, राष्ट्रिय योजना आयोग | ८ मिनेट |
| ११. | मन्तव्य : माननीय कृषि विकास एवं वन तथा भू-संरक्षण मन्त्रीज्यू | १० मिनेट |
| १२. | कार्यक्रम समापन : समारोहका अध्यक्ष एवं कृषि विभागका महानिर्देशक श्री लीलाराम पौडेलज्यू | ८ मिनेट |

कार्यक्रम संचालक : अनिता बिन्दु, नेपाल टेलिभिजन

# World Food Day Committee, Nepal
# 33rd World Food Day
# Award Distribution Ceremony
## Program Ceremony

Date : October 30, 2013 (2070 Kartik, 13)
Theme : "Sustainable Food System, for Food Security and Nutrition."
Venue : Rastriya Sabha Griha, Pradarsani marg, Kathmandu

| S.N. | Program | Time |
|---|---|---|
| 1. | Registration for all | |
| 2. | Arrival : Tek Bahadur Thapa, Minister for ministry of agriculture and land development, other | 11:00 AM |
| 3. | National Anthem | 4 minutes |
| 4. | Briefing of the Program Director :<br>Dr.Haribabu Tiwari, Member secretary and program Director of Agribusiness Promotion and Marketing Development Deroctorate (ABPMDD) | 6 minutes |
| 5. | Inauguration of the ceremony of chief guest :<br>Honorable minister for Ministry of Agriculture and land Development | 4 minutes |
| 6. | Price distribution :<br>Honorable minister for Ministry of Agriculture and Land Development | 56 minutes |
| 7. | A few words :<br>Awarded farmer participant | 8 minutes |
| 8. | A few words :<br>FAO representative of Nepal, Dr. Somsak Pippinyo | 8 minutes |
| 9. | A few words :<br>Secretary, Jay Mukunda Khanal, MOAD | 8 minutes |
| 10. | A few words :<br>Honorable vice president, National Planing Commission | 8 minutes |
| 11. | A few words :<br>Honorable minister for Ministry of Agriculture and Land Development | 10 minutes |
| 12. | Closing of program :<br>Chairperson of the programme Director, General of Agriculture Development, Lila Ram Paudyal | 8 minutes |

Master of Ceremony: Anita Bindu. Nepal Television

# ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा
# विभिन्न विधा अन्तर्गत राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत हुने कृषक, कृषक समूह एवं संस्थाहरुको एक झलक

## १) कृषि प्रसार निर्देशनालय

### क) धान बाली तर्फ (मध्य पहाड, तराई)

| सि.नं | कृषकको नाम | ठेगाना | जिल्ला | वालीको जात | उत्पादन मे.टन./ हेक्टर | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद तिमल्सीना | पनौती-१० | काभ्रे | खुमल–४ | ८ | प्रथम | |
| २ | श्री प्रकाश भट्ट | मनहरी-७ | मकवानपुर | मकवानपुर–१ | ६.०५ | द्धितीय | |
| ३ | श्री विमलाखर न्यौपाने | वगनाह-२ | बर्दिया | राधा–४ | ६.२ | तृतिय | |
| ४ | श्री गोविन्द राज श्रेष्ठ | फापरबारी-५ | मकवानपुर | मकवानपुर–१ | ५.५४ | सान्त्वना | |

### ख) गहुँ बाली तर्फ (मध्य पहाड, तराई)

| सि.नं | कृषकको नाम | ठेगाना | जिल्ला | वालीको जात | उत्पादन मे.टन./ हेक्टर | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री पटवारी राना | चौमाला-२ | कैलाली | आदित्य | ४.२ | प्रथम | |
| २ | श्रीमती फूलराम चौधरी | उर्मा-८ | कैलाली | आदित्य | ३.९६ | द्धितीय | |
| ३ | श्री जुगराम थारु | मानपुरटार-२ | बर्दिया | एन.एल.२९७ | ३.९ | तृतिय | |
| ४ | श्री मुक्तिराम आचार्य | चौमाला-७ | कैलाली | एन.एल.२९७ | ३.८५ | सान्त्वना | |

### ग) मकै बाली तर्फ (मध्य पहाड)

| सि.नं | कृषकको नाम | ठेगाना | जिल्ला | वालीको जात | उत्पादन मे.टन./ हेक्टर | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री राजकुमार शिवाकोटी | नामटार-७ | मकवानपुर | रामपुर कम्पोजिट | ४.७३ | प्रथम | |
| २ | श्री सूर्यबहादुर गोले | नामटार-१ | मकवानपुर | रामपुर कम्पोजिट | ४.५५ | द्धितीय | |
| ३ | श्री राम प्रसाद कडेल | हाडीखोला-९ | मकवानपुर | रामपुर कम्पोजिट | ४.१७ | तृतिय | |
| ४ | श्री तिल बहादुर श्रेष्ठ | फापरबारी-९ | मकवानपुर | रामपुर कम्पोजिट | ३.९५ | सान्त्वना | |

घ) आलु बाली तर्फ (उच्च पहाड)

| सि.नं | कृषकको नाम | ठेगाना | जिल्ला | वालीको जात | उत्पादन मे.टन./ हेक्टर | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री चोक बहादुर कार्की | टिङ्गगा-७ | सोलुखुम्बु | नाम्चेली सेतो | २२ | प्रथम | |
| २ | श्री गीता राई | टिङ्गगा-७ | सोलुखुम्बु | भोटाङ्गे | २०.२ | द्धितीय | |
| ३ | श्री सुम्बा शेर्पा | बेनी-८ | सोलुखुम्बु | भोटाङ्गे | १९.६ | तृतिय | |
| ४ | श्री कुवीर धन राई | सेताङ्ग-३ | सोलुखुम्बु | भोटाङ्गे | १९.२ | सान्त्वना | |

## २) कृषि प्रसार निर्देशनालय/पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय महिला कृषक समूह तर्फ

क) कृषि विकास तर्फः

| सि.न | कृषक समूहको नाम | स्थान | विकास क्षेत्र | गा.वि.स./न.पा. | जिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सुनाखरी महिला कृषक समूह | उत्कृष्ट | पूर्वाञ्चल | कोल्वुङ्ग–१ | इलाम | |
| २ | श्री हरिबोधनी महिला कृषक समूह | उत्कृष्ट | मध्यमाञ्चल | मनहर्वा–७ | बारा | |
| ३ | श्री आधुनिक तरकारी खेती तथा अतिथि स्वागत महिला कृषक समूह | उत्कृष्ट | पश्चिमाञ्चल | मदापोखरा–७ | पाल्पा | |
| ४ | श्री महिला ताजा तरकारी उत्पादन कृषक समूह | उत्कृष्ट | मध्य पश्चिमाञ्चल | धनदाङ्ग –६ | सल्यान | |
| ५ | श्री भवानी महिला वीउ उत्पादन कृषक समूह | उत्कृष्ट | सुदुर पश्चिमाञ्चल | रिठापाटा–८ | बझाङ्ग | |

ख) पशु सेवा तर्फः

| सि.न | कृषक समूहको नाम | स्थान | विकास क्षेत्र | गा.वि.स./न.पा. | जिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री हिमचुली बाख्रा पालन समूह | उत्कृष्ट | पूर्वाञ्चल | बरबोटे-८ | इलाम | |
| २ | सुरदेवी बाख्रा पालन समूह | उत्कृष्ट | मध्यमाञ्चल | पिप्ले नमुना गा.वि.स | चितवन | |
| ३ | महिला घाँस विकास समिति | उत्कृष्ट | पश्चिमाञ्चल | काजी पौवा-११ | पाल्पा | |
| ४ | थरमाली बाख्रा पालन समूह | उत्कृष्ट | मध्य पश्चिमाञ्चल | कनका सुन्दरी-९ | जुम्ला | |
| ५ | व्यवसायीक उन्मुख गाई पालन समूह | उत्कृष्ट | सुदूर पश्चिमाञ्चल | रिठापाटा-८ | बझाङ | |

## कृषि उत्पादन कार्यक्रममा महिला कृषकहरुलाई उल्लेखनीय सहभागीता गाउने कार्यमा योगदान पुऱ्याए बापत शिल्ड प्राप्त गर्ने

**क) जिल्ला कृषि विकास कार्यालय तर्फः**

| सि.नं. | जिल्ला कृषि विकास कार्यालयको नाम | भौगोलिक क्षेत्र | जिल्ला | पुरस्कारको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री जिल्ला कृषि विकास कार्यालय | तराई | कैलाली | शिल्ड | |
| २ | श्री जिल्ला कृषि विकास कार्यालय | मध्य पहाड | पाल्पा | शिल्ड | |
| ३ | श्री जिल्ला कृषि विकास कार्यालय | उच्च पहाड | बाजुरा | शिल्ड | |

**ख) जिल्ला पशु सेवा कार्यालय तर्फः**

| सि.नं. | जिल्ला कृषि विकास कार्यालयको नाम | भौगोलिक क्षेत्र | जिल्ला | पुरस्कारको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री जिल्ला पशु सेवा कार्यालय | उच्च पहाड | सोलुखुम्बु | शिल्ड | |
| २ | श्री जिल्ला पशु सेवा कार्यालय | मध्य पहाड | सुर्खेत | शिल्ड | |
| ३ | श्री जिल्ला पशु सेवा कार्यालय | तराई | कंचनपुर | शिल्ड | |

**(ग) उत्कृष्ट साना डेरी उद्योग/सहकारी संस्था**

| क.सं | साना डेरी उद्योग/सहकारी संस्था | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुवा नेपाल कृषि तथा दुग्ध विकास संस्थान | दमक-११ | झापा | प्रथम | |
| २ | सोमनाथ डेरी | सुनवल-४ | नवलपरासी | द्धितीय | |
| ३ | शितल डेरी उद्योग | विरेन्द्रनगर-६ | सुर्खेत | तृतीय | |
| ४ | कामधेनु दुग्ध उ.स.सं. लि. | बा.न.पा–२ | बाग्लुङ्ग | सान्त्वना | |

## ३) फलफूल विकास निर्देशनालय (उत्कृष्ट फलफूल बगैंचा व्यवस्थापन प्रतियोगिता तर्फ)

| सि.नं. | कृषकको नाम | गा.वि.स./न.पा. | जिल्ला | वालीको नाम | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री बालकृष्ण पाटा | तनहुसुर-८ | तनहूं | सुन्तला | प्रथम | |
| २ | श्री धननाथ महतो | जगतपुर-२ | चितवन | केरा | द्धितीय | |
| ३ | श्री टेक बहादुर शाही | चिल्खाया-३ | कालीकोट | स्याउ | तृतिय | |
| ४ | श्री श्याम राई | जुटपानी-९ | चितवन | मेवा | सान्त्वना | |

## ४) मत्स्य विकास निर्देशनालय, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम

**क) बढी माछा उत्पादन तर्फः**

| सि.नं. | कृषकको नाम | गा.वि.स./न.पा. | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पुण्यप्रसाद चौधरी | मनमटेरिया-१ | रुपन्देही | प्रथम | |
| २ | श्री श्रीधर ओली | सोनपुर-८ | दाङ्ग | द्धितीय | |
| ३ | श्री धमेन्द्र यादव | कचोर्वा-४ | बारा | तृतिय | |
| ४ | श्री अफजल हुसेन | पिडारी-८ | सर्लाही | सान्त्वना | |

**ख) माछा भुरा उत्पादन तर्फः**

| सि.नं. | कृषकको नाम | गा.वि.स./न.पा. | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रामेश्वर मण्डल | टिकुलीगढी-६ | रुपन्देही | प्रथम | |
| २ | श्री श्याम सुन्दर चौधरी | औरावनी-९ | सुनसरी | द्धितीय | |
| ३ | श्री जालन्धर सिंह | बेलौनी-९ | बारा | तृतिय | |

**ग) ट्राउट माछा उत्पादन तर्फः**

| सि.नं. | कृषकको नाम | गा.वि.स./न.पा. | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री लक्षिन गुरुङ्ग | सार्दी खोला-३ | कास्की | प्रथम | |

## ५) पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय (उत्कृष्ट अन्न भण्डारण गर्ने कृषक तर्फ)

| सि.नं. | कृषकको नाम | समूह नाम | गा.वि.स/न.पा. | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री तुलसीराम पौड्याल | श्री मेची कृषक बहुमुखी सहकारी | मेचीनगर न.पा.-१२ | झापा | प्रथम | |
| २ | श्री नवराज दाहाल | श्री नालढुंगा कृषि तथा बीउ उत्पादन सहकारी संलि. | काब्रे-६ | दोलखा | द्धितीय | |
| ३ | श्री देव बहादुर राना | श्री समृद्धि कृषि सहकारी सं.लि. | कल्याण–४ | सुर्खेत | तृतिय | |
| ४ | श्री लीलाबल्लभ भण्डारी | श्री लिला बल्लभ भण्डारी रामापुर कृषक बहुउद्धेश्यीय सहकारी सं.लि. | दुधराक्ष– ५ | रुपन्देही | सान्त्वना | |

## ६) कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय

**क) उत्कृष्ट कृषि उपज बजार संचालक समिति थोक बजार तर्फ**

| सि.नं. | कृषि उपज बजार संचालक समितिको नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | शान्ति वनवाटिका | पोखरा | कास्की | उत्कृष्ट | |

**ख) उत्कृष्ट कृषि उपज बजार संचालक समिति हाट एवं संकलन केन्द्र तर्फ**

| सि.नं. | कृषि उपज बजार संचालक समितिको नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि उपज खुद्रा तरकारी संकलन केन्द्र | देवगाउँ-९, पिपरहीया | नवलपरासी | उत्कृष्ट | |

**ग) कृषि उपज कारोवार गर्ने उत्कृट व्यापारी तर्फ**

| सि.नं. | कृषि उपज बजार संचालक समितिको नाम | व्यापारीको नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री मकर बहादुर तामाङ्ग | श्री मकर बहादुर तामाङ्ग | जेठल | सिन्धुपाल्चोक | उत्कृष्ट | |

## ७) राष्ट्रिय बिउ बिजन कम्पनी लि. (उत्कृष्ट बिउ उत्पादक कृषक तर्फ):

| सि.नं. | कृषकको नाम | ठेगाना | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रामवृक्ष मेहता | देवानगंज ७ | सुनसरी | उत्कृष्ट | |

## ८) बिउ विजन गुणस्तर नियन्त्रण केन्द्र

**बिउ विजन उत्पादक तथा वितरक, नीजि क्षेत्रका बिउ विजन कम्पनी तर्फ:**

| सि.नं. | वीउ विजन कम्पनीको नाम | गा.वि.स./न.पा. | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सामूहिक बीउ बृद्धि कम्पनी प्रा.लि. | डुमरिया २ | रौतहट | उत्कृष्ट | |

## ९) बाली विकास निर्देशनालय

**उत्कृष्ट बिउ उत्पादक कृषक समूह/सहकारी तर्फ:**

| सि.नं. | समूह/सहकारीको नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री हरिकृष्ण कृषि सहकारी संस्था | सिमरा-७ | बर्दिया | प्रथम | |
| २ | श्री उन्नत विजवृद्धि कृषक समूह संस्था | परिहानी-५ | चितवन | द्धितीय | |
| ३ | श्री बौद्धिमाई कृषि सहकारी संस्था | महेशपुर | बारा | तृतिय | |
| ४ | सम्पैत कृषक समूह | सनैहठा-३ | सिराहा | सान्त्वना | |

## १०) बालि संरक्षण निर्देशनालय

**उत्कृष्ट आई.पि.एम. कृषक पाढशाला/समूहतर्फ:**

| सि.नं. | कृषक पाठशाला/समूहको नाम | भौगोलिक क्षेत्र | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री जैसीडाँडा महिला आई.पि.एम कृषक पाठशाला | पश्चिमाञ्चल | आरुखर्क-८ | स्याङजा | प्रथम | |
| २ | श्री शैलेश्वर आई.पि.एम कृषक पाठशाला | सुदुर पश्चिमाञ्चल | अ.न.पा ७ | डडेल्धुरा | द्धितीय | |
| ३ | श्री फूलचोकी आई.पि.एम कृषक पाठशाला | मध्यमाञ्चल | न्याले २ | काभ्रे | तृतिय | |
| ४ | श्री माँ रुपनी देवी आई.पि.एम कृषक पाठशाला | पूर्वाञ्चल | रायपुर ८ | सप्तरी | सान्त्वना | |

## ११. पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय/पशु उत्पादन निर्देशनालय/राष्ट्रिय चरन तथा पशु आहार केन्द्र

### क) उत्कृष्ट साँढे पालक कृषक समूह तर्फ :

| सि.नं. | व्यवसायकि समूह/समितिको नाम | फार्मधनी/कृषकको नाम | ठेगाना | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री मोरङ्ग रंगेली गौशाला समिति | श्री उमेश दाहाल | रंगेली-२ | मोरङ्ग | प्रथम | |
| २ | श्री साना किसान कृषि सहकारी संस्था लि. | श्री खुरु प्रसाल धमला | हजरीया-२ | सर्लाही | द्धितीय | |
| ३ | श्री लोकहीत पशुपालक फार्म | श्री देव प्रसाद ढकाल | जर्बुटा-१, गाग्रेताल | सुर्खेत | तृतिय | |
| ४ | श्री चुनदेवी गाईपालन समूह | श्री रामगोपाल केसी | बुङमती-८, चुनीखेल | ललितपुर | सान्त्वना | |

### ख) उत्कृष्ट राँगो पालक कृषक समूह तर्फ :

| सि.नं. | व्यवसायिक समूह/समितिको नाम | फार्मधनी/कृषकको नाम | ठेगाना | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री कृषक मिलन सहकारी संस्था | श्री डिल बहादुर ओली | कोहलपुर-५ | बाँके | प्रथम | |
| २ | श्री सामुदायिक पशु प्रजनन केन्द्र | श्री लाल प्रसाद घिमिरे | जमुनी-५, सीतापुर | बर्दिया | द्धितीय | |
| ३ | श्री साना किसान सहकारी संस्था | श्री रामचन्द्र भट्टराई | लेटाङ्ग-५ | मोरङ्ग | तृतिय | |
| ४ | श्री तारा बहादुर कार्की | श्री तारा बहादुर कार्की | जगरकोट-७ | तनहूँ | सान्त्वना | |

### ग) उत्कृष्ट व्यवसायिक बाख्रा फार्म तर्फ:

| सि.नं. | व्यवसायकि समूह/समितिको नाम | फार्मधनी/कृषकको नाम | ठेगाना | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सुस्मिता बाख्रा फार्म | श्री सुजेन्द्र कार्की | बन्दीपोखरा-६ | पाल्पा | प्रथम | |
| २ | श्री ढकालबन्धु बाख्रापालन फार्म | श्री पूर्ण बहादुर ढकाल | गर्पन-१ | सुर्खेत | द्धितीय | |
| ३ | श्री बाख्रा फार्म डोटी | श्री मीनबहादुर ऐर | छतिवन-३ | डोटी | तृतिय | |
| ४ | श्री दुर्गा व्यवसायीक बाख्रा फार्म | श्री धर्मराज पंडाल | डडेलधुरा-६ | डडेलधुरा | सान्त्वना | |

### घ) उत्कृष्ट इन्सिमिनेटरहरु तर्फ: कृत्रिम गर्भाधान कर्ताहरु

| सि.नं. | इन्सिमिनेटरको नाम | पद | कार्यालयको नाम | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री गणेश प्रसाद रेग्मी | प.स्वा.प्रा. | श्री जिल्ला पशु सेवा कार्यालय | सुनसरी (पूर्वाञ्चल) | प्रथम | |
| २ | श्री युवराज पौडेल | प.स्वा.प्रा. | " | चितवन (मध्यमाञ्चल) | प्रथम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | श्री सत्य नारायण गोहित | प.स्वा.प्रा. | " | नवलपरासी (पश्चिमाञ्चल) | प्रथम | |
| ४ | श्री महन्थी यादव | प.से.प्रा. | " | बर्दिया (मध्य पश्चिमाञ्चल) | प्रथम | |
| ५ | अर्जुन सिंह कार्की | प.से.प्रा. | " | कञ्चनपुर (सुदुर पश्चिमाञ्चल) | प्रथम | |

**ङ) उत्कृष्ट मासु बजार व्यवसाय तर्फः**

| सि.नं. | मासु व्यवसायी संघ/समितिको नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय व्यवसायी कुखुरा संघ(देवी मिट स्टोर) | ल.पु.उमपा-४ | ललितपुर | प्रथम | |
| २ | भ्याली स्वच्छ मासु सेन्टर | उत्तरगंगा-८ | सुर्खेत | द्धितीय | |
| ३ | न्यूराजा फ्रेस हाउस | सखुवा महेन्द्रनगर | धनुषा | तृतीय | |
| ४ | फ्रेस मासु व्यवसायी | ओखलढुङ्गा | ओखलढुङ्गा | सान्त्वना | |

**च) उत्कृष्ट साना डेरी उद्योग तर्फः**

| सि.नं. | साना डेरी उद्योगको नाम | ठेगाना | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पुर्वा नेपाल कृषि तथा दुग्ध विकास केन्द्र | दमक-११ | झापा | प्रथम | |
| २ | श्री सोमनाथ डेरी | सुनवल-४ | नवलपरासी | द्धितीय | |
| ३ | श्री शीतल डेरी उद्योग | वीरेन्द्रनगर-६ | सुर्खेत | तृतीय | |
| ४ | श्री कामधेनु दुग्ध उ.स.सं.लि. | वा.न.पा.-२ | बाग्लुङ्ग | सान्त्वना | |

**छ) उत्कृष्ट व्यवसायिक पशु पालन कृषक/समूह/समिति तर्फः**

| सि.नं. | समूह/समितिको नाम | गा.वि.स./न.पा. | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री थामडाँडा गाई पालन समिति | फुएतप्पा-५ | इलाम | प्रथम | |
| २ | श्री मिलीजुली व्यवसायीक गाईपालन समिति | वागेश्वरी-२ | बाँके | द्धितीय | |
| ३ | श्री हाम्रो कालेश्वर पशु बीमा समिति | कालेश्वर-१ | ललितपुर | तृतीय | |
| ४ | श्री महिला बाख्रापालन समिति | कुडिया-९ | नवलपरासी | सान्त्वना | |

**ज) उत्कृष्ट पशु हाट बजार तर्फः**

| सि.नं. | पशु हाट बजारको नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाख्रा बजार | गोलबजार,असनपुर-७ | सिराहा | प्रथम | |
| २ | वयलवास पशु हाट बजार | ईश्वरपुर-२ | सर्लाही | द्धितीय | |
| ३ | सतोखर पशु हाट बजार | सत्यखर | धनुषा | तृतीय | |
| ४ | पञ्चमी बजार | फाकतेक-२ | पाँचथर | सान्त्वना | |

**झ) उत्कृष्ट ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तर्फः**

| सि.नं. | ग्रा.प.स्वा.का. को नाम | ठेगाना | जिल्ला | पुरस्कृत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रेनका कट्टेल | जितपुर गा.वि.स १ | इलाम | प्रथम | |
| २ | श्री चिन्ता बहादुर घर्ती | लोहपानी ५ | दाङ्ग | द्धितीय | |
| ३ | श्री लाल बहादुर वि.क. | काटाकुटी ५ | दोलखा | तृतीय | |
| ४ | श्री इन्दिरा भन्डारी | पोखरा उ.म.न.पा. १७ | कास्की | सान्त्वना | |
| ५ | श्री जगन सिंह मडै | आलीताल गा.वि.स. | डडेलधुरा | सान्त्वना | |

**ञ) घाँसेबाली बिउ उत्पादक कृषक समिति**

**(घाँसेबालीमा आधारित व्यवसायिक उन्नत गाई फार्म संचालन गरी कृषक व्यवसायीलाई नमूना प्रदर्शन)**

| सि.नं. | कृषकको नाम/समूह/समिति | गा.वि.स./न.पा. | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री नमूना भैंसीपालन समूह | चापागाउँ-८ | ललितपुर | प्रथम | |
| २ | श्री मनकामना महिला बाख्रापालन श्रोत | बाङ्सोल-७ | प्यूठान | द्धितीय | |
| ३ | श्री नन्देश्वर महिला घाँस उत्पादन समिति | नेत्रगंज-७ | सर्लाही | तृतीय | |
| ४ | श्री लक्ष्मी घाँस विकास समिति | पिठौली-२ | नवलपरासी | सान्त्वना | |
| ५ | श्री बाइसधारा घाँस विकास समूह | दिपायल, सिलगढी,न.पा.-८ | डोटी | सान्त्वना | |

**ट) राष्ट्रिय स्तरमा पशु सेवा तर्फ उत्कृष्ट श्रृजनात्मक काम गर्ने कृषक र सहकारी संस्था वा अन्य संघसंस्था**

| सि.नं. | हाट बजारको नाम | गा.वि.स./न.पा. | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री वागलुङ्ग पशु श्रोत विकास फाराम तथा दुग्ध उत्पादक सहकारी संस्था | भीमपोखरी-१ | वागलुङ्ग | उत्कृष्ट | |

## १२) व्यवसायीक कीट विकास निर्देशनालय, मौरीपालन विकास शाखा

**क) सेराना मौरीपालक कृषक**

| सि.नं. | मौरीपालक कृषक समूह | गा.वि.स./न.पा. | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री द्रौपदी कार्की | दशरथ चन्द न.पा.-७, तितरा | बैतडी | उत्कृष्ट | |

**ख) मेलीफेरा मौरी पालक कृषक**

| सि.नं. | मौरीपालक कृषक समूह | गा.वि.स./न.पा. | जिल्ला | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री वासु ढकाल | इटहरी न.पा.-५ | सुनसरी | उत्कृष्ट | |

# ३३ औं विश्व खाद्य दिबसको उपलक्ष्यमा आयोजित पुरस्कार बितरण कार्यक्रममा माननीय कृषि बिकास र बन तथा भूसंरक्षण मन्त्री टेक बहादुर थापा घर्तीको मन्तव्य

समारोहका अध्यक्षज्यू, राष्ट्रिय योजना आयोग माननीय उपाध्यक्ष्यज्यू, सचिवज्यू, पुरस्कृत व्यक्तित्वहरु, कर्मचारी, पत्रकार, महिला तथा सज्जनबृन्द,

यस वर्ष ३३ औं विश्व खाद्य दिवस मनाउने सन्दर्भमा, राष्ट्रिय स्तरमा करीब ३३ विधामा प्रतिस्पर्धाहरु गराईएकोमा विजयी उत्कृष्ट कृषक, व्यवसायी तथा अन्य व्यक्ति/संस्थाहरुलाई आज पुरस्कार वितरण गरी सम्मानित गरिएको छ। आज सम्मानित व्यक्तित्वहरुलाई म हार्दिक बधाई दिन चाहन्छु।

मानिस बाँच्न र उसको चौतर्फी बिकासका लागि पर्याप्त र पोषिलो खाना अपरिहार्य हुन्छ। बिश्वव्यापी रुपमा, खाद्य मानिसको मौलिक अधिकारको रुपमा स्वीकारिएको छ। पर्याप्त, पोषिलो र सुरक्षित खाद्य पाउनु सभ्य समाजको लागि आजको युगमा अपरिहार्य छ।

सन् १९९६ मा रोममा भएको खाद्य सम्बन्धी शिखर सम्मेलनमा बिश्वका सरकार प्रमुखहरुले खाद्य सुरक्षा प्रत्याभुति गर्ने प्रतिवद्धता जाहेर गरिसकेका छन्। नेपालले पनि खाद्य सुरक्षा मानिसको मौलिक अधिकारको रुपमा स्वीकार गरिसकेको छ।

नेपालमा, राष्ट्रिय विकासका अनेक प्रयासहरु गर्दागर्दै पनि देशमा गरिवी हट्न सकेको छैन। खाद्य सुरक्षा पूर्ण रुपले गर्न नसकिएको कटु यथार्थ छ। साना कृषक परीवारमा न्यून उत्पादन, निम्न आय भएका परीवारमा न्युन क्रयशक्ति र पोषण ज्ञानको कमिले गर्दा करीब ६४ हजार मानिसमा खाद्य असुरक्षाको समस्या छ।

हाम्रो देशमा, खाद्य उत्पादन न्युन हुनुमा मुख्यरुपमा सिंचाईको कमि, अतिबृष्टि, सुख्खा, बाढी जस्ता अवस्थाहरुको पुनराबृत्ति मुख्य कारक तत्वको रुपमा रहेका छन्। कृषि अझै निर्वाहमुखी भै व्याबसायिकरण हुन सकेको छैन। लागत उच्च हुनाले प्रतिस्पर्धात्मक क्षमता निकै कमजोर भएको गुनासो प्राप्त हुने गरेका छन्।

देशमा सबै नागरिकहरुलाई खाद्य सुरक्षा प्रदान गर्न सरकारले भर्खरै कृषि विकास रणनीति तर्जुमा गरेको छ। तेह्रौं योजनामा खाद्य सुरक्षालाई बिशेष जोड दिईएको छ। जलबायु परीबर्तन अनुकुल तथा उच्च उत्पादन दिने बाली बिकास, उत्पादनशील हाईब्रिड उपज अनुसन्धान, सुख्खा क्षेत्र अनुकुल बाली बिकास

र व्यावसायीकरणका उपायहरु तर्फ पनि थप जोड दिईएको छ । ठूला सिंचाई आयोजनाका साथै सहकारीतामा आधारित साना सिंचाई आयोजनाहरु कार्यान्वयन गर्ने रणनीति अवलम्बन गरिएको छ ।

कृषिलाई व्याबसीकरण र प्रतिस्पर्धात्मक बनाउन यान्त्रीकरणमा सहयोग, रासायनीक तथा प्राङ्गारिक मलमा अनुदान, र साझेदारीमा बजार पुर्वाधार बिकासमा जोड दिइएको छ । युवा लक्षित उद्यम र कृषि बिमा सुरु गरिएको छ ।

यस बर्षको विश्व खाद्य दियसको नारा "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**" रहेको छ । अत्यधिक रासायिक मल र बिषादी प्रयोग भैरहेको आजको अबस्थामा यस बर्षको नारा अत्यन्त सांदर्भिक रहेको छ ।

दिगो उत्पादन, दिगो प्रशोधन र दिगो उपभोग पद्धतिबाट मात्र दिगो खाद्य प्रणाली अघि बढ्न सक्दछ । यस कार्यका लागि सरकारले गोबरमलको उत्पादन, प्राङ्गारिक मल कारखाना स्थापना, एकिकृत शत्रुजीब व्यबस्थापन, एकिकृत बाली पोषण व्यबस्थापन, प्रांगारिक बाली तथा बस्तु उत्पादन गर्ने जस्ता कार्यक्रमहरु संचालनमा ल्याएको छ ।

खाद्य सुरक्षा प्रदान गर्न सरकारले योजना तथा नीति बनाए पनि सरकार आफैले उत्पादन, प्रशोधन र बेचबिखन गर्दैन । खाद्य सुरक्षा सुनिश्चित गर्न, सरकारी प्रयत्न मात्र पर्याप्त हुँदैन । खाद्य सुरक्षा प्रदान गर्ने कार्यमा कृषक, व्यापारी, र उद्योगी तथा व्यबसायीको भुमिका अहम् रहन्छ । यस कार्यमा, गैह्र सरकारी संस्था, बिश्वबिद्यालय, पत्रकार सबैले उल्लेख्य योगदान गर्नु पर्ने हुन्छ । अत: पुरस्कृत व्यक्ति लगायत सबै सरोकारवालाहरुले सरकारको योजना अनुरुप उत्पादन वृद्धि र खाद्य सुरक्षा बढाउन उल्लेख्य योगदान पुऱ्याउन बिशेष आव्हान गर्दै आफ्नो भनाई यहीं अन्त गर्दछु ।

धन्यबाद ।

# ३३ औं विश्व खाद्य दिबसको उपलक्ष्यमा आयोजित पुरस्कार बितरण कार्यक्रममा कृषि बिकास सचिब श्री जय मुकुन्द खनालको मन्तव्य

समारोहका अध्यक्षज्यू, माननीय कृषि बिकास र बन तथा भूसंरक्षण मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, पुरस्कृत व्यक्तित्वहरु, कर्मचारी, पत्रकार, महिला तथा सज्जनबृन्द,

विश्वबाटै भोकमरी तथा कुपोषण हटाउने प्रतिबद्धता सहित संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनको आह्वानमा विश्वभर अक्टोबर १६ का दिन विश्व खाद्य दिबस मनाउने गरिन्छ । यसै क्रममा, १ महिना सम्म नेपालले जनचेतना बढाउने, बिभिन्न प्रतियोगिता संचालन र कृषकहरुलाइ सम्मानित गरी यो दिवस मनाईदै छ ।

खाद्य सुरक्षाको यस महत्वपूर्ण अभियानमा उल्लेखनीय भूमिका निभाई सम्मानित हुनु भएका कृषक, व्यबसायी तथा संस्थाहरुलाई सरकारले सम्मान गर्ने नीति रहेको छ । यसै अनुरुप आज पनि १ सय भन्दा बढी कृषक, व्यबसायी तथा संस्थाहरुलाई पुरस्कार प्रदान गरी सम्मानित गरिएको छ ।

खाद्य सुरक्षा अन्तर्गत सबैमा खाद्य उपलब्धता, सबैको पहुंच, संतुलित उपयोग र स्थीरता गरी ४ आयामहरु पर्दछन् । खाद्य सुरक्षा तथा पोषण मानव जीवनको आधारभूत र सर्वाधिक महत्वपूर्ण आबश्यकता हो । तर पनि, खाद्य असुरक्षा विश्वव्यापी रुपमै मानव जगतको साझा चुनौती वनेको छ ।

विश्वको खाद्य उत्पादन तथा उपलव्धता मानवीय उपभोगको लागि पर्याप्त छ । हाल विश्वमा प्रति ब्यक्ति प्रति दिन २८०० क्यालोरी खाद्यान्न उपलव्ध छ । तर झण्डै ८५ करोड मानिसहरु अल्पपोषित अबस्थामा बाँच्न बाध्य छन् । समष्टीमा खाद्य सुरक्षित परिदृश्य देखिए पनि बितरणका कारण बिभिन्न भूभाग तथा व्यक्तिहरुलाई खाद्य अभावले सताएको पाईन्छ ।

नेपालमा सबै व्यक्तिहरुलाई आबश्यक खाद्यान्न परिपूर्ति गर्नको लागि राष्ट्रिय उत्पादन समग्रमा पर्याप्त छ । तर, मौषमी अस्थिरताले गर्दा हुने अस्थीर उत्पादन, भौगोलिक बिकटता र कम आयका कारण सबै नागरिकमा खाद्य सुरक्षा सुनिश्चित  हुन नसकेको अबस्था हामी सबैको लागि चुनौतीको बिषय बनेको छ ।

चुनौतीपूर्ण खाद्य सुरक्षाको बर्तमान परिस्थितीमा, नेपालमा सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट खाद्य दिबस मनाउनु अबश्य पनि महत्वपूर्ण छ । यस बर्षको बिश्व खाद्य दिबसको नारा **“खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार”  "Sustainable Food Systems for Food Security and Nutrition"** नेपालको लागि अत्यन्त सान्दर्भिक जस्तो मलाई लाग्दछ ।

अत्यधिक र असंतुलित रासायिनिक मल तथा बिषादीको प्रयोगले माटोको उर्बराशक्ति र मानब स्वास्थ्यमा समस्या थपिँदै छन् । अर्कोतर्फ, परनिर्भर उपभोग पद्धति र अत्यधिक मूल्यबृद्धिले न्युन तथा मध्यम बर्गीय परिवार र सर्बसाधारण उपभोक्तामा पोषणयुक्त खाद्य उपभोग झन कष्टकर बनेको छ ।

दिगो उत्पादन, बितरण तथा उपभोग प्रणालीको बिकासद्धारा दिगो खाद्य प्रणालीको बिकास गर्न सकिन्छ । दिगो खाद्य प्रणालीबाट दिगो  खाद्य सुरक्षाको परिकल्पना गर्न सकिन्छ ।

दिगो खाद्य पद्धतिको बिकास गर्ने क्रममा, सरकारले परनिर्भर खाद्य उपभोग पद्धतिबाट आत्मनिर्भर उपभोग पद्धतिको बिकास गर्न स्थान बिशेषमा संभाव्य खाद्य उत्पादन बृद्धि तर्फ जोड दिइएको छ । उत्पादन अघि र पछि हुने नोक्सानीलाई न्युन गर्ने, ग्रामीण क्षेत्रमा संकलन केन्द्रहरुको बिस्तार गरी छरिएर रहेको उत्पादनलाई संकलन तथा संचय गरी शहरी क्षेत्रमा पुर्‍याउने, स्थानीय खाद्य उत्पादनमा आधारित खानाका परिकारको बिकास तथा उपभोग प्रबर्द्धन गर्ने नीति कार्यान्वयनको सुरुवात गरिएको छ ।

सरकारद्वारा प्राङ्गारिक खेती तथा प्राङ्गारिक कृषि बस्तु उत्पादनमा प्रोत्साहन दिएको छ । स्थानीय सहभागीतामा प्राङ्गारिक उत्पादन पकेटको घोषणा तथा बिकास, प्राङ्गारिक कृषिबस्तु निर्यातमा प्रमाणीकरण कार्यका लागि अनुदान सहयोग र प्राङ्गारिक मल उद्योग स्थापनाका लागि अनुदान र प्राङ्गारिक कृषिको मापदण्ड संबन्धी निर्देशिका एबं कार्यबिधिहरु कार्यान्वयन जस्ता कार्यहरु गरिएका छन् । खाद्य स्वच्छता, गुणस्तर र पोषण प्रणालीमा सुधार ल्याउन संगठनात्मक बिस्तार गर्ने प्रयत्न भैरहेको छ ।

दिगो खाद्य प्रणालीको बिकासमा सरकारले सुरु गरेका रणनीति र पहलहरुमा सबै अन्तरराष्ट्रिय निकाय, गैह्रसरकारी संस्था, व्यबसायी, कृषक, सबैको सहकार्य आबश्यक हुन्छ । अत: सबैलाई, सधैं, सबै ठाउँमा दिगो रुपमा पोषणयुक्त खाद्य व्यबस्था गर्ने यस अभियानमा सबै सरोकारवालाहरुबाट सक्रियतासाथ सहभागी बन्न आग्रह गर्न चाहन्छु ।

धन्यबाद ।

# समारोहका अध्यक्ष तथा महानिर्देशक
# श्री लीलाराम पौड्यालको मन्तव्य

माननीय कृषि बिकास र बन तथा भूसंरक्षण मन्त्रीज्यू , राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, सचिवज्यू, पुरस्कृत व्यक्तित्वहरु, कर्मचारी, पत्रकार, महिला तथा सज्जनबृन्द,

३३ औं बिश्व खाद्य दिबसको मुख्य दिन आज हामीले "खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार" भन्ने नाराका साथ देशभरबाट राष्ट्रियस्तरमा उत्कृष्ठ स्थान हासिल प्राप्त १०७ कृषक, व्यबसायी र संस्थाहरुलाई पुरस्कार प्रदान गरी सम्मान गऱ्यौं ।

आजको यस समारोहमा, खाद्यबस्तुको महत्व, अबस्था र यस बिश्व खाद्य दिबसको नारा संबन्धमा पूर्बवक्ता महानुभावहरुबाट धेरै प्रकाश पारी सकिएको छ ।

बिश्वमा, २ अर्ब जनसंख्यामा भिटामिन र खनिज पदार्थ कमि पाईएको छ । १ अर्ब ४ करोड मानिस बढी तौलको कारण मुटु, मधुमेह र अन्य स्वास्थ्य सम्बन्धी समस्याबाट पिडित छन् । कृषि तथा पशुपालनतर्फ स्वच्छ र स्वस्थ खाद्य पदार्थको उत्पादन तथा उपभोग बढाउन सकेमा यस्ता समस्याहरुबाट बच्न सकिने प्रशस्त संभावना हुन्छ ।

बढीरहेको जनसंख्यालाई पर्याप्त खाद्य व्यबस्था गर्ने सन्दर्भमा, माटोको गुणस्तर, पर्याबरण र मानव स्वास्थ्य संरक्षण गर्दै उत्पादन बढाउन रासायनिक तथा जैबिक मल र बिषादी लगायतका पोषक तत्वहरुको संतुलित उपयोग गर्नेतर्फ हाम्रा प्रयासहरु केन्द्रित छन् । यसलाई अझ बिस्तार गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्नु पर्दछ जस्तो मलाई लाग्दछ ।

आजको यस कार्यक्रममा, माननीय मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू तथा श्रीमान सचिवज्यूले आफ्नो व्यस्तताको बाबजुद समय दिई आयोजक समिति र समस्त कृषि बिभाग परीवारलाइ हौसला प्रदान गर्नु भयो, त्यसका लागि वहाँहरुमा आभार व्यक्त गर्दछु ।

यसैगरी, FAO Representative, नार्कका कार्यकारी निर्देशकज्यू, सहसचिवज्यूहरु, महानिर्देशकज्यूहरु, संस्थान समिति बोर्डका प्रमुखज्यूहरु, पुरस्कृत कृषक, व्यबसायी तथा संस्थाका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु, कर्मचारीहरु, लगायत सबै आमन्त्रित तथा अन्य संपूर्ण सहभागीहरुलाई कार्यक्रम सफल पार्न सघाउ पुऱ्याउनु भएकोमा धन्यबाद दिन चाहन्छु ।

साथै, यस कार्यक्रम सफल पार्न कियाशील समितिका मित्रहरु, कृषि व्यबसाय प्रबर्द्धन तथा बजार बिकास निर्देशनालय, सचिबालय लगायत सबैलाई धन्यबाद दिंदै आजको यस कार्यक्रम यहीं समाप्त भएको जानकारी गराउँछु ।
धन्यबाद ।

# सदस्य सचिब तथा कार्यकम निर्देशक डा. हरिबाबु तिवारीज्यूबाट कार्यक्रमको उद्धेश्यबारे प्रकाश

यस समारोहका अध्यक्षज्यू, माननीय कृषि बिकास र बन तथा भूसंरक्षण मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष्यज्यू, सचिवज्यू, FAO Representative, पुरस्कृत व्यक्तित्वहरु, कर्मचारी, पुर्ब कर्मचारी, पत्रकार तथा उपस्थित संपूर्ण आमन्त्रित सहभागीहरु,

सर्बप्रथम, आजको यस समारोहमा पाल्नु भएका माननीय कृषि बिकास र बन तथा भूसंरक्षण मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष्यज्यू, सचिवज्यू, सहसचिबज्यूहरु, महानिर्देशकज्यूहरु, पुरस्कृत व्यक्तित्वहरु, पत्रकार, संस्थान समिति बोर्ड, कार्यालय लगायत बिभिन्न निकायका महानुभावहरु, कर्मचारीहरु लगायत सबैलाई बिश्व खाद्य दिबस समिति,नेपालका तर्फबाट म स्वागत गर्दछु ।

खाद्य सुरक्षाको महत्व, अवस्था र उपायहरु बारे सचेतना र सरोकार वालाहरुलाई घच्घच्याउने उद्देश्यका साथ नेपालमा यसबर्ष ३३ औं विश्व खाद्य  दिवस मनाईरहेका छौं ।

यस वर्ष विश्व खाद्य तथा कृषि संगठनले विश्व खाद्य दिवसको अंग्रेजी नारा "Sustainable Food Systems for Food Security and Nutrition" दिएको छ । विश्व खाद्य दिवस समिति, नेपालले यसलाई “खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार” भनी रुपान्तरण गरेको छ ।

विश्व खाद्य दिवस समिति, नेपालको समन्वयमा यस वर्षको विश्व खाद्य दिवस २०७० साल आश्विन १७ गते देखि कार्तिक १५ गते सम्म विभिन्न कार्यक्रमहरु गरी देशभर मनाईंदै छ ।

जिल्लास्तरमा, सबै जिल्ला सदरमुकामहरुमा २०७० आश्विन १७ गते देखि कार्तिक १५ गते भित्र जिल्ला कृषि विकास कार्यालयको संयोजकत्वमा जनचेतनामूलक सामग्री वितरण र उक्त अबधिमा अनुकुल दिनमा जिल्लास्तरीय माध्यमिक विद्यालयका विद्यार्थीहरु बीच निवन्ध प्रतियोगिता संचालन तथा प्रथम, द्धितीय, तृतीय  र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कार एवं प्रमाण पत्र वितरण गर्ने कार्यकम छ ।

केन्द्रियस्तरमा, २०१३ अक्टुबर १६, तदनुसार आश्विन ३० गतेका दिन माननीय कृषि विकास र वन तथा भू-संरक्षण मन्त्रीज्यूको सन्देश रेडियो नेपाल मार्फत प्रसारण भैसकेको छ । यस बर्ष नयाँ कार्यकमको रुपमा, कार्तिक ९ गते कृषि बिकास मन्त्रालयको उच्च अधिकारी, प्राध्यापक, बरिष्ठ बिज्ञ, उपभोक्ता प्रतिनिधि र अगुवा कृषक लगायतको सहभागीताका ए.बी.सी टेलिभिजन मार्फत छलफल कार्यकम र ११ गते पत्रकार संमेलन भैसकेको छ । उत्कृष्ट कृषकहरुलाई अवलोकन भ्रमण कार्यक्रम हिजो संपन्न भएको छ ।

आज यस समारोहमा, राष्ट्रिय स्तरमा, खाद्य सुरक्षा संबन्धी बिभिन्न ३३ बिधामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने १०७ जना कृषक, व्यबसायी र संस्थाहरुलाई  पुरस्कार एवं प्रमाणपत्र वितरण गरी संमानित गर्ने कार्यक्रम रहेको छ ।

देशभरमा ३३ औं बिश्व खाद्य दिबस मनाउने बारेको कार्यकमको संक्षिप्त झलक यहीं टुंग्याउँछु ।

धन्यवाद ।

# World Food Day 2013
# Message of the Director-General of FAO, Jose Graziono da Silva

World Food Day falls on 16th October, commemorating FAO's foundation on that date in 1945. It offers a moment each year for people all around the world who are involved in the many diverse elements of the food system to come together to reflect on the cital role that food plays in our lives and to consider how things can be done better. The process of producing food and getting it onto our plates is extraordinary complex. It involves many different steps and players - not just farmes and fisherman but the scientists who develope improved technologies; the suppliers of farm inputs; those who transport, store and process food; and those who market it. All people are, of course, consumers of food and what they decide to eat, how they aquire it, the way in which they prepare it, and how many childeren they have determine the nature and scacle of the overall demand for food.

One could say that the food system is functioning successfully if there is a reasonable equilibrium between global foods demand and supply. This year's World Food Day theme "Sustainable Food Systems for Food Security and Nutrition" is an invitation to us to consider just how well the system is working and what can be done to improve it.

From a rather narrow demand and supply perspective we can claim that, since 1945, the food system has worked remarkably well. The world's population has tripled in this period, and average food availability per person has risen by 40%. This is an extraordinary achievement and many economists cite it as proof of the effectiveness of "the market" in including an adequate supply response to the growth in demand from a fast rising and richer global population.

If we look a bit deeper, however, we shall see that there are huge flaws in how food system operates.

The biggest failure is that, in spite of plentiful food supplies, the health of more than half world's 7 billion populations is affected by under- or over-consumption. Just 3 years ago, the threat of famine forces millions of Somalis to abandon their homes to search for food, and as many as 260,000 people, many of children, are estimated to have deid of starvation. This was a horrific reminder that the global food market works well for those have money but fails to response to the needs of the poor.

Even, now around 840 million fellow human face daily food shortages that prevent tham from working, stunt the growth of their children expose thewm to illness and lead to premature death. The health of another 2 billion people is compromised by nutrient defeciencies. At the other end of the spectrum, I another 1.5 billion are overweight or obese, consuming more food than than their bodies need and ecposing themselves to a greater threat of diabaties, heart problems and other diseases.

What is clear that "the market" alone does not automatically translate food availability into better nutrition, health, productivity and happiness. The most glaring market failure stems from the fact that those with the greatest food needs are unable, because of their poverty, to translate these

into demand. They are caught in a hunger trap which is self-perpetuating because they do not have the means to buy or produce the food their family requires for healthy life. That hunger persists in a world of plenty food is truly scandalous.

The other major failures relates to the unsustainability of the present food system. This has both environment and human dimensions.

Much of the ectraordinary growth in food output has placed great stresses on natural resources. It has degraded soils, polluted and exhausted fresh water supplies, encroached on forest, depleted wild fish stocks, and narrowed biodiversity, leaving these resources with a diminished capacity to meet the food needs of our children and future generations. Intensive farming systems, combined with food wastages on a masive scale, have also become a big source of greenhouse gas emissions that help to drive the processes of climate change that, in turn, are ecpected to create new adaptation challenges for farmers. Even the richer food consumers do not yet pay for the cost of this damage to natural capital or for clearing it up.

One would have expected that the rising demand for food would have been reflected in greater prosperity in farming farming and fishing communities as they responsed with increased output. Paradoxically, however, their very success in expanding food availiability, combined with the trade protection and subsidy policies of developed countries and the limited bargaining power of farmers in relation to trading house, agro-industries and retailers, had lead to a growing concentration of poverty in the rural areas of many developing countries. Once consiquence is that 70% of the world's hungry people live in rural areas and depend for their livelihoods mainly on food productions.

And so on this World Food Day, let us share our thoughts and experiences on how best to adress these two great challenges - how to translate rising food availiability into better nutrition for all people and how to make the necessary shift to emvironmentally and socially sustainable production and consumption systems. We can all play a part in this through changing our own life styles and must do so if we are to correct the dreadful food situtation that I have described.

I am confident that we can do much better on both fronts. Wer now have evidence from many countries which are committed to ensuring that all their people can enjoy their human right to food that hunger and malnutrition can be quickly reduced by direct measures. These include school meals programmes and cash transfer to the poorest families to enable them to bridge their food gap and so stand on their own feet. By translating food needs into demand, such programmes can stimulate local markets for small-scale farmes.

We are also learning from the fair trade and slow food movements as well as from the certification of food and forest products from sustainabbly managed resources that it is possible for individual consumers to take buying decisions that improve the living conditions of farmers and fisherman and encourage them to take up sustainable production practise.

FAO's member countries have recently confirmed the Organization's top two priorities - to work for tge rapid eradication of hunger and malnutrition and to accelerate the shift to sustainable food production and consumption systems.

I know that we can count, dear readers, on your committed support in reaching these goals within the shortest possible time.

Thank you.

# ३३ औं विश्व खाद्य दिवसको अवसरमा
# कृषक, व्यापारी तथा व्यवसायिहरुलाई गराईएको
# भ्रमणको कार्य तालिका

मिति : २०७०/०७/१२

समय : बिहान १०:३० देखि

| क.सं | कार्यक्रम | समय |
|---|---|---|
| १. | कृषक भेला हुने स्थान र समय<br><br>सवारी छुट्ने समय | बिहान १०:०० बजे कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन<br>बिहान १०:३० बजे |
| २. | प्रथम भ्रमण स्थल अवलोकन<br><br>समय अवधि<br>सवारी छुट्ने समय | कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति, कालीमाटी, काठमाडौं<br>११:०० देखि १२:०० बजे सम्म<br>१२:१० बजे |
| ३. | दोश्रो भ्रमण स्थल अवलोकन<br>समय अवधि<br>सवारी छुट्ने समय | नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार<br>१२:४० देखि ०१:४० बजे सम्म<br>०१:४५ बजे |
| ४. | तेश्रो भ्रमण स्थल अवलोकन<br><br>समय अवधि<br>सवारी छुट्ने समय | ICIMOD (International Centre for Integrated mountain Development), गोदावरी, ललितपुर<br>२:३० देखि ०३:४० बजे सम्म<br>०३:४५ बजे |
| ५. | सवारी हरिहरभवन फिर्ता | ०४:५० बजे |

| | | |
|---|---|---|
| १. | भ्रमणमा संलग्न कर्मचारीहरुको नामावली | १) श्री नेत्र भण्डारी (वरिष्ठ कृषि अर्थ विज्ञ)<br>२) श्री किसुनदेव राउत (कृषि बजार विज्ञ)<br>३) श्री शोभाकर भण्डारी (प्राविधिक सहायक)<br>४) श्री डि.वि.मजाकोटी (प.वि.अ.) |

# ३३ औं विश्व खाद्य दिवसमा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट पुरस्कृत भएका कृषक, व्यापारी तथा व्यवसायिकहरुलाई गराएको भ्रमण प्रतिवेदन

प्रतिवेदकहरु:

१) श्री नेत्र भण्डारी (वरिष्ठ कृषि अर्थ विज्ञ)
२) श्री किसुनदेव राउत (कृषि बजार विज्ञ)
३) श्री डि.वि.मजाकोटी (प.वि.अ.)
४) श्री शोभाकर भण्डारी (प्राविधिक सहायक)

यस निर्देशनालयका वार्षिक कार्यक्रम ३३ औं विश्व खाद्य दिवस २०७० सालको समारोह यसपाली पनि विगत वर्ष झैं भव्यताका साथ मनाइयो र यस वर्षको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार रहेको थियो । यस अवसरमा विभिन्न राष्ट्रिय स्तरको उत्कृष्ट पुरस्कृत कृषक, कृषक समुह, कृषक व्यापारी तथा व्यवसायिक समितिका प्रतिनिधिहरु जम्मा ११० जनालाई सम्पूर्ण महानुभावलाई सहभागी गराइएको थियो ।

यस निर्देशनालयको कार्यक्रम अनुसार आमन्त्रित पूर्वदेखि पश्चिमसम्मका सम्पूर्ण महानुभावहरुलाई तीन स्थान कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति कालीमाटी, नेपाल कृषि अनुसन्धान परिषद् र ईसिमोड, गोदावरीमा अवलोकन भ्रमण कार्यको लागि निश्चित कार्यक्रम अनुसार मिति २०७०/०७/१२ गते समय बिहान १०:०० बजे निर्देशनालयमा भेला गराई निर्देशनालय तर्फबाट भ्रमण कार्यक्रम तालिकाको विषयमा सामान्य जानकारी गराउँदै उक्त भ्रमण कार्यको लागि तीनवटा गाडी यस निर्देशनालयबाट व्यवस्था गराइएको थियो र १०:३० बजे कालीमाटी तर्फ प्रस्थान गराइयो । कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति, कालीमाटीमा त्यस समितिका वरिष्ठ ब.से.अ. श्री मनोज धिताल तथा बजार सेवा अधिकृत श्री पुष्पलाल श्रेष्ठसँग सम्पर्क राखी सामान्य परिचय कार्यक्रम पछि यस समिति बारे जानकारीको लागि अनुरोध गरियो । त्यस बजार समितिका गतिविधि बारे जानकारीको साथै त्यस बजारका तरकारी तथा फलफूल आदीको मूल्य, आयात गर्ने देश विदेशका साथै विभिन्न जिल्लाको जानकारी दिनुका साथै तहाँको व्यवस्थापन र तहाँ भएका कठिनाइहरुबारे जानकारी दिनुभयो । त्यस बजार स्थित विभिन्न तरकारी, फलफूल, माछा र मसला विषय बारे व्यापारहिरुसँग समन्वय गराई पुरस्कृत व्यापारी कृषकहरुले राख्नु भएको जिज्ञासाको समाधान गर्ने कार्य समेत सम्पन्न भयो ।

त्यसपछि दोश्रो चरणको भ्रमण कार्य तालिका अनुसार नेपाल कृषि अनुसन्धान परिषद, खुमलटार स्थित कुखुरा पालन, बंगुर पालन, खरायो पालन, गाईपालन तथा घाँस खेतीबाट आम्दानी भएको बारे अभिरुचि पूर्वक प्रश्न गरी त्यसको जवाफ सुने र वैज्ञानिक एस १ श्री सरोज सापकोटा, प्राविधिक अधिकृत श्री रुपा वास्तोला र प्राविधिक अधिकृत श्री चन्द्रकान्त मिश्रले विभिन्न विषयमा विस्तृत रुपमा जानकारी दिनुका साथै पुरस्कृत कृषकहरुले राख्नु भएको सुझाव जिज्ञासाको समाधान गर्ने कार्य भयो । अवलोकन कार्यबाट कृषकहरु सन्तुष्ट भएको भ्रमण कार्यक्रम सम्पन्न गरी निर्देशनालय, हरिहरभवनमा फर्किएको व्यहोरा अनुरोध गर्दछौं ।

# ३३ औं विश्व खाद्य दिवसको सन्दर्भमा गरिएका प्रमुख कार्यहरु

क) ब्यानर र रबर छाप वितरण

विश्व खाद्य दिवस कार्यक्रमको ब्यापक प्रचार प्रसार गर्ने उद्देश्यले विगतका दिनहरुमा गरिदैं आए अनुसार गोश्वारा हुलाक सुन्धारा र जिल्ला हुलाक कार्यालय, ललितपुर, कृषि विकास मन्त्रालय, दुग्ध विकास समिति, कृषि विभाग, पशु सेवा विभाग, खाद्य तथा कृषि संगठन र कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट बाहिर पठाइएका प्रत्येक चिठ्ठीपत्रहरुमा २०७० असोज १५ गते देखि २०७० कातिृक १५ गते सम्म नारा अंकित रबर स्टाम्पको छाप लगाई प्रचार प्रसार गरिएको थियो । साथै उपरोक्त कार्यालयहरुमा नेपाली र अंग्रेजीमा लेखिएका ब्यानरहरु सोही अवधि सम्मको लागि टाँस्ने कार्य भएको थियो ।

ख) पोष्टर, लेख, प्रमाणपत्र र पुरस्कार वितरण

खाद्य तथा कृषि संगठनबाट प्राप्त अंग्रेजीमा लेखिएको पोष्टर, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट तयार पारिएका नेपाली पोष्टर र ३३ औं विश्व खाद्य दिवसको नारा नेपालीमा “खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार”, अंग्रेजीमा "Sustainable Food System for Food Security and Nutrition" बारे लेखिएको सान्दर्भिक अध्ययन सामाग्री, पोष्टर, पम्फलेट, लेख रचनाहरु केन्द्रिय तहका विभिन्न निकायहरु र ७५ जिल्लाका जिल्ला कृषि विकास कार्यालयहरुमा प्रचार प्रसारको लागि वितरण एवं टाँस्ने कार्य सम्पन्न भएको थियो । यसको साथै जिल्ला स्तरमा संचालन भएका माध्यमिक विद्यालय सतरिय निबन्ध प्रतियोगितामा विजयी विद्यार्थीहरुलाई प्रदान गर्न प्रमाणपत्रहरु पठाउने कार्य सम्पन्न भएको थियो । राज्यका ७५ वटै जिल्ला कृषि विकास कार्यालयहरुमा माध्यमिक विद्यालय स्तरिय निबन्ध प्रतियोगिता सम्पन्न गरी प्रथम, द्धितीय, तृतीय र सान्त्वना स्थानहरुमा विजेता विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्ने जस्ता विभिन्न कार्यक्रमहरु संचालन गरिएको थियो ।

# जिल्ला जिल्लामा मनाईएको ३३ औं विश्व खाद्य दिवसको कार्य प्रगति विवरण

# जिल्ला जिल्लामा मनाईएको ३३ औं विश्व खाद्य दिवसको कार्य प्रगति विवरण

## १) ताप्लेजुङ्ग

मिति २०७०/९/५ गते जिल्ला कृषि विकास कार्यालय ताप्लेजुङ्गको आयोजनामा "खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार" भन्ने नाराका साथ ३३ औं विश्व खाद्य दिवस उद्योग वाणिज्य संघ ताप्लेजुङ्गको सभा हलमा मनाईयो । प्रमुख जिल्ला अधिकृत श्री प्रकाश पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न सो समारोहको अध्यक्षता जिल्ला विकास समितिको कार्यालयका स्थानीय विकास अधिकारी श्री भरतमणी पाण्डेले गर्नु भएको थियो । समारोहमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, कार्यालय प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, कृषकहरु, शिक्षकहरु, विद्यार्थीहरु, पत्रकारहरु, गैरसरकारी संस्थाहरु लगायत अन्य सर्वसाधारणहरुको बाक्लो उपस्थिति रहेको थियो । जिल्ला कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत श्री भोला प्रसाद यादव कार्यक्रम संयोजक रहेका यस दिवसको उपलक्ष्यमा यस कार्यालयका बाली संरक्षण अधिकृत श्री माधव भईतले उद्घोषण गर्नुभएको थियो भने वरिष्ठ कृषि विकास अधिकृत श्री लक्ष्मी प्रसाद खरेलले स्वागत मन्तव्य राख्दै विश्व खाद्य दिवसको उद्देश्य तथा यस वर्षको नारा सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्दै पुष्टि पार्नु भएको थियो ।

सो दिवसको सन्दर्भमा यस वर्षको नारा "खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार" विषयक अन्तर मा.वि. निबन्ध प्रतियोगिता मिति २०७०/७/१३ गते जिल्ला कृषि विकास कार्यालयमा सम्पन्न भएको थियो ।

**निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विधा :**

| क.सं | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|
| १. | श्री रेजिना श्रेष्ठ | श्री लिटल बुद्ध आ.मा.वि., फुङलिङ्ग | प्रथम | २०००।- |
| २. | श्री कुवेर गुरुङ्ग | श्री कञ्चन एकेडेमी मा.वि., फुङलिङ्ग | द्धितीय | १५००।- |
| ३. | श्री साजन गुरुङ्ग | श्री लिटल बुद्ध आ.मा.वि., फुङलिङ्ग | तृतीय | १०००।- |
| ४. | श्री ईश्वरा गुरागाँइ | श्री विरेन्द्र उ.मा.वि., फुङलिङ्ग | सान्त्वना | ८००।- |

पुरस्कृत हुने छात्र/छात्राहरुलाई समारोहका अतिथि एवं प्रमुख जिल्ला अधिकारी श्री प्रकाश पौडेल र समारोहका अध्यक्ष एवं स्थानीय विकास अधिकारी श्री भरतमणी पाण्डेले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

## २) झापा

जिल्ला कृषि विकास कार्यालय झापामा यस वर्ष पनि ३३ औं विश्व खाद्य दिवस मनाउने कायृक्रम अनुसार यस वर्षको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने नाराका साथ

मिति २०७०/७/७ गते अन्तर मा.वि. स्तरिय निबन्ध लेखन प्रतियोगिता र मिति २०७०/७/१३ गते प्रवचन एवं पुरस्कार वितरण समारोहको आयोजना गरी भव्य रुपमा मनाईएको थियो । विशेष अतिथि एवं स्थानीय विकास अधिकारी श्री लालमणि ओभ्ना ज्यूबाट प्रवचन तथा पुरस्कार वितरण गरिएको थियो । समारोहमा कृषक समूहहरु, एकतामुल कृषि सहकारी संस्था लि., चन्द्रगढी, दलित तथा विभिन्न कृषक समूहका सदस्यहरु, कार्यालय प्रमुख एवं प्रतिनिधिहरु, शिक्षक/शिक्षिका एवं सर्वसाधारण समेत ५१ जना ( महिदा १५ पुरुष ३६) उपस्थिति रहेको थियो । समारोहमा आ.व. ०६९/०७० को तरकारी उत्पादन प्रतियोगिताका विजयी कृषकहरु ४ जनालाई समेत पुरस्कृत गरिएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कार विधा निबन्धको विषय कृषि सहकारीको विस्तार, खाद्य पोषणको आधार ।

| क्र.सं | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा | प्राप्त स्थान |
|---|---|---|---|---|
| १. | श्री विपिन राजवंशी | नमुना अंग्रजी मा.वि., जुरोपानी | १० | प्रथम |
| २. | श्री सिमाकंन पोखेल | विभूति विद्या मन्दिर मा.वि., चन्द्रगढी | १० | द्वितीय |
| ३. | श्री कैलाश सिटौला | महेन्द्र रत्न उ.मा.वि, अनारमनी | ९ | तृतीय |
| ४. | सुश्री आशिका नेपाल | आदर्श उ.मा.वि., ईट्टाभट्टा, मेचीनगर | ९ | सान्त्वना |

## ३) सुनसरी

मिति २०७०/०७/१४ गते ३३ औं विश्व खाद्य दिवस खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार नाराका साथ मनाइएको दिवसको अवसरमा सुनसरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन गरिएको थियो । कायक्रमको सभापतिमा यस कार्यालयका नि.कार्यालय प्रमुख कृ.प्र.अधिकृत श्री ओम प्रकाश गिरीज्यूले गर्नु भएको थियो । कार्यक्रममा विशेष अतिथिको रुपमा जि.वि.स. का कार्यक्रम अधिकृत श्री भेषराज घिमिरेज्यूले बदलिदो परिवेशसँग आफूलाई बदल्दै सँस्कृति जोगाउन आफ्नो दायित्वलाई आत्मसाथ गर्दै अगाडी बढ्न र खेतीका क्रममा बढ्दो आधुनिकीकरणको सदुपयोग गरी प्राङ्गारिक खेती गरी आफू र अरुको स्वास्थ्यको ख्याल राख्न स्वस्थ रहन सुभ्काव दिनु भयो ।

मन्तव्य कार्यक्रमको क्रममा मेहताले खाद्य सुरक्षा बेगर जीवन संकटमा पर्ने र आफूलाई असुरक्षित बनाइ राख्नु सरह हुने भन्दै समयमा नै आफ्नो अनुकुलमा कार्यक्रम गरी खाद्य संकट पर्न नदिनका लागि आग्रह गर्नु पर्ने भनि जोड दिनु भएको थियो । यसै कार्यक्रममा मिति २०७०/०६/११ गते आयोजना गरिएको जिल्ला स्थित मा.विं स्तरीय निबन्ध प्रतियोगितामा प्रथम हुने छात्र बिनायक रिजालले आफ्नो निबन्ध पढेर सुनाउनु भएको थियो र पुरस्कार वितरण कार्यक्रम शुरु गरिएको थियो । सर्वप्रथम धान बालीका उत्कृष्ट कृषकहरुतर्फ सहायक जिल्ला अधिकारी श्री चन्द्रेश्वर पोखरेलज्यूले प्रमाणपत्र र नगद वितरण गनुभयो । त्यसैगरी तरकारी र फलफूल बालीका विजेताहरुलाई कार्यक्रम अधिकृत श्री भेषराज घिमिरेज्यूले प्रमाणपत्र र नगद वितरण गर्नुभयो । यसैगरी सम्पूर्ण प्रतियोगीहरुलाई नगद सहित प्रमाणपत्र दिइ शुभकामना व्यक्त गरियो । अन्त्यमा सहायक प्र.जि.अ. ज्यूबाट खाद्यलाई सुरक्षित राख्न सकेमात्र पोषण

प्राप्त हुने र खाद्य प्रणालीमा निरन्तर सुधार आउने कुरालाई स्पष्ट पार्दै आफ्नो मन्तव्य राख्नु भएको थियो भने सभा बिसर्जन यस कार्यालयका निमित्त प्रमुख श्री ओम प्रकाश गिरीज्यूले गर्नु भएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय: **"खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार"**

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|
| १. | श्री बिनायक रिजाल | श्री नवयुग एकेडेमी, इनरुवा ९ | प्रथम | २०००।- |
| २. | श्री मेध कान्त पोदार | श्री सेन्ट मेरिज इ.बो.इ. ७ | द्धितीय | १५००।- |
| ३. | श्री ओम प्रकाश मेहता | श्री अमरसिंह उ.मा.वि. | तृतीय | १०००।- |
| ४. | श्री विश्व जीत कु. राम | श्री जनता उ.मा.वि., सिमरिया | सान्त्वना | ८००।- |

## ४) संखुवासभा

यस कार्यालयको आयोजनामा कर्मचारी मिलन केन्द्र सभाहलमा मिति २०७०/७/१५ गतेका दिन खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार नाराका साथ ३३ औं विश्व खाद्य दिवस एवं पुरस्कार वितरण कार्यक्रम प्मुख जिल्ला अधिकारी श्री विष्णु कुमार कार्कीज्यूको प्रमुख आतिथ्य र जिल्ला शिक्षा अधिकारी श्री पूर्ण बहादुर दर्जीज्यूको अध्यक्ष्यतामा सम्पन्न भएको थियो । कार्यक्रमका प्रमुख अतिथिज्यूले मा.वि. स्तरिय जिबन्ध प्रतियोगितामा विजयी छात्र, छात्राहरुलाई पुरस्कार एवं प्रमाणपत्र वितरण गर्नुहुँदै यस वर्षको नारालाई सार्थक पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान पुऱ्याउनु पर्ने कुरामा जोड दिदै मन्तव्य व्यक्त गर्नुभएको थियो । यसैगरी वरिष्ट कृषि विकास अधिकृत श्री नीलकण्ठ पोखेलज्यूले कार्यक्रमको औचित्य र यस वर्षको नाराको उद्देश्य र दिगो प्रणाली बारे प्रकाश पार्दै कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विवरण

विषय : **"खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार"**

**Sustainable food Systems for Security and Nutrition**

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|---|
| १. | श्री जीत नारायण मण्डल | १० | श्री सरस्वती मा.वि, चैनपुर | प्रथम | २०००।- |
| २. | श्री एलिना पोखेल | ९ | श्री सरस्वती मा.वि, चैनपुर | द्धितीय | १५००।- |
| ३. | श्री रामेश्वर श्रेष्ठ | | श्री सनसाइन बोर्डिङ्ग स्कुल, खाँदबारी | तृतीय | १०००।- |
| ४. | श्री उद्धव खत्री | ९ | श्री विद्योदय सँस्कृत मा.वि, खाँदबारी | सान्त्वना | ८००।- |

## ५) भोजपुर

जिल्ला कृषि विकास कार्यालय, भोजपुरमा ३३ औं विश्व खाद्य दिवसको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने नाराका साथ मिति २०७०/७/१३ गतेका दिन सम्पन्न अन्तर मा.वि. स्तरिय निबन्ध प्रतियोगितामा ६ वटा मा.वि. का १० जना विद्यार्थीहरु सहभागी भएका थिए । नि.वरिष्ट कृषि विकास अधिकृत श्री राजेश गुरुङ्गज्यूको सभापतित्वमा पुरस्कार वितरण समारोह आयोजना गरी निम्न उत्कृष्ट ४ विद्यार्थीहरुलाई नगद पुरस्कार वितरणका साथै विभिन्न कार्यक्रमका साथ कार्यक्रम सम्पन्न गरिएको थियो ।

| क्र.सं. | विद्यार्थीको नाम , थर | विद्यालय | पुरस्कृत स्थान |
|---|---|---|---|
| १. | श्री एकनाथ लुईंटेल | श्री विधेश्वर उ.मा.वि. गोगने, भोजपुर | प्रथम |
| २. | श्री पुजा तामाङ्ग | श्री विधोधय.उ.मा.वि., भोजपुर | द्धितीय |
| ३. | श्री सुस्मा श्रेष्ठ | श्री सिद्धकाली बोर्डिङ्ग स्कुल, भोजपुर | तृतीय |
| ४. | श्री लक्ष्मण चौहान | श्री सिद्धेश्वर उ.मा.वि. दावा, भोजपुर | सान्त्वना |

## ६) तेऱ्हथुम

जिल्ला कृषि विकास कार्यालय तेऱ्हथुममा २०७०/०६/२० गते ३३ औं विश्व खाद्य दिवस मनाइएको थियो । यस विश्व खाद्य दिवसको अवसरमा अन्तर मा.वि. स्तरीय निबन्ध प्रतियोगिता संचालन गरिएको थियो जसमा ७ वटा विद्यालयका २६ जना विद्यार्थीहरु सहभागी रहेको थियो । विजयीहरुलाई ३३ औं विश्व खाद्य दिवस तथा पुरस्कार वितरण समारोहमा विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरुको उपस्थितिमा यसै जिल्ला कृषि विकास कार्यालयको तालिम हलमा कार्यक्रम संचालन गरिएको थियो । उक्त समारोहमा प्रमुख अतिथि एवं यस जिल्लाका श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूबाट ३३ औं विश्व खाद्य दिवसको नारा सहित ब्यानर खोलेर उद्घाटन गर्नु भएको थियो । त्यस पश्चात जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृतज्यूले ३३ औं विश्व खाद्य दिवसको नारा “खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार” माथि प्रकाश पार्नुभएको थियो । उक्त समारोहमा उपस्थित विजयी सहभागीहरुलाई कार्यक्रमका प्रमुख अतिथि एवं श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यूबाट पुरस्कार वितरण पश्चात कार्यक्रम समापन गरिएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र विद्यालय

निबन्धको विषय : “**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**”

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान |
|---|---|---|---|
| १. | श्री स्यारोन शेर्पा | श्री दिपज्योती इङ्गलिस बोर्डिङ्ग स्कुल, म्याङलुङ | प्रथम |
| २. | श्री झरना लिम्बु | श्री नविन शिक्षा सदन मा.वि., म्याङलुङ | द्धितीय |
| ३. | श्री हेमन्तलाल भट्टराइ | श्री नविन शिक्षा सदन मा.वि., फाक्चामारा | तृतीय |
| ४. | श्री योगेश गौतम | श्री माउन्ट मकालु इङ्गलिस बोर्डिङ्ग स्कुल, वसन्तपुर | सान्त्वना |

## ७) उदयपुर

जिल्ला कृषि विकास कार्यालय उदयपुरको आयोजनामा मिति २०७०/०७/१४ गते विभिन्न कार्यक्रमहरु सहित विश्व खाद्य दिवस सम्पन्न भयो । मिति २०७०/०७/११ गते खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार विषयमा निबन्ध प्रतियोगिता संचालन गरीयो जसमा ७ वटा उ.मा.वि. तथा मा.वि. का १३ जना छात्र/छात्राहरुको सहभागिता रहेको थियो । विजयीहरुलाई विश्व खाद्य दिवस समारोहका प्रमुख अतिथि नि.प्र.जि.अ. श्री प्रकाश जंग कार्कीज्यूबाट नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । उक्त समारोहमा यस कार्यालयका कृषि प्रसार अधिकृत श्री चेटहाइ चौधरीले स्वागत मन्तव्य व्यक्त गर्दै ३३ औं विश्व खाद्य दिवस ०७० सम्बन्धमा प्रकाश पार्नु भएको थियो । मन्तव्यकै क्रममा प्रमुख अतिथिज्यूले निबन्ध प्रतियोगितामा प्रथम हुने श्री प्याराडाइस सेकेन्डरी स्कुल त्रि.न.पा २ उदयपुरका छात्र श्री रोनक खड्काको निबन्धबाट प्रभावित भई अझ यो भन्दा राम्रो गर्नका लागि शुभकामना दिनुभएको थियो । यसै क्रममा यस जिल्लामा तरकारी र फलफूलको अभावले बढी महँगो भएको हुँदा उत्पादनमा वृद्धि गरी निर्यातसम्मको लागि योगदान दिनुपर्ने मन्तव्य व्यक्त गर्नुभएको थियो । यसैगरी समारोहका अध्यक्ष वरिष्ठ कृषि विकास अधिकृत श्री तीर्थ कुमार श्रेष्ठ ज्यूले आफ्नो मन्तव्यमा यो कायृक्रम १५१ राष्ट्रले मनाइ रहेको छ, भोकमरी र कुपोषणको अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धि यसको प्रमुख उद्देश्य हो । कृषि तथा खाद्य उत्पादन वृद्धि गर्ने प्रयासमा अविरल रुपमा लाग्नु पर्दछ र खाद्य वस्तु पाउनु प्रत्येक नागरिकको नैसर्गिक हक प्रदान गर्नुपर्दछ भन्ने कुरामा प्रकाश पार्दै ३३ औं विश्व खाद्य दिवस २०७० को समारोहमा उपस्थित सबै महानुभावहरुलाई धन्यवाद दिंदै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय : "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"

| क्र.सं. | विद्यार्थीको नाम, थर | विद्यालय | पुरस्कृत स्थान |
|---|---|---|---|
| १. | श्री रोनक खड्का | श्री प्याराडाइस स.स्कुल, त्रि.न.पा. २ | प्रथम |
| २. | श्री अप्सरा खत्री | श्री राम जानकी मा.वि., त्रि.न.पा. ७, मोतिगडा | द्धितीय |
| ३. | श्री रीचा खतिवडा | श्री त्रियुगा उ.मा.वि., गाईघाट | तृतीय |
| ४. | श्री प्रतिक्षा भुजेल | श्री प्याराडाइस स.स्कुल, त्रि.न.पा. २ | सान्त्वना |
| ५. | श्री पुष्पराज खत्री | श्री राम जानकी मा.वि., त्रि.न.पा. ७, मोतिगडा | सान्त्वना |

## ८) नुवाकोट

जिल्ला कृषि विकास कार्यालय नुवाकोटको आयोजनामा यस वर्षको ३३ औं विश्व खाद्य दिवस खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने नाराका साथ अन्तर मा.वि. स्तरिय निबन्ध प्रतियोगिता, कृषक समूह/सहकारी तथा सरोकारवालाहरुमा प्लेकार्ड तथा ब्यानर सहितको ऱ्याली, पर्चा, पोष्टर वितरण तथा प्रवचन र अन्य विभिन्न कार्यक्रम गरी भव्य रुपमा मनाइयो ।

यसै सिलसिलामा ०७०/७/१३ गते प्रवचन तथा पुरस्कार वितरण समारोहको आयोजना गरिएको थियो । निमित्त स्थानीय विकास अधिकारी श्री गोपाल प्रसाद रेग्मी सभापति र प्रमुख जिल्ला अधिकारी श्री डुल्लुराज बस्नेतको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा वरिष्ठ कृषि विकास अधिकारी श्री दिपक पौडेलले अतिथिहरुको स्वागत गर्दै यस वर्षको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार को बारेमा प्रकाश पार्नुभएको थियो भने प्रमुख अतिथि श्री डुल्लुराज बस्नेतले सबैले खान पाउने अधिकार सुनिश्चित गर्न र खाद्यान्नमा सबैको पहुँच बढाउन, कृषि उत्पादन वृद्धि गर्न आवश्यक पर्ने लगानीमा वृद्धि गरिनुको साथै कृषकहरुले लगानी अनुसारको प्रतिफल प्राप्त गर्न नसकिरहेको अवस्थामा कृषिमा व्यवसायीकरण मात्र नभई बजारको सुनिश्चितता एवं प्रतिस्पर्धा क्षमतामा अभिवृद्धि गरी खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार गर्नु आजको आवश्यकता रहेको कुरामा जोड दिनु भएको थियो ।

उक्त समारोहमा विभिन्न कार्यालय/संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षकहरु, विद्यार्थी, पत्रकार र कृषकहरुको सहभागिता रहेको थियो । यसै सिलसिलामा कार्तिक ११ गते अन्तर मा.वि. स्तरिय निबन्ध प्रतियोगिता सम्पन्न भएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कृत स्थान
निबन्ध विषय : "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"
(sustainable food system for food security and nutrition)

| क्र.सं. | विद्यार्थीको नाम , थर | कक्षा | विद्यालय | पुरस्कृत स्थान |
|---|---|---|---|---|
| १. | श्री सुनिल पाखिन | १० | श्री बागेश्वरी उ.मा.वि. | प्रथम |
| २. | श्री सरिता तामाङ्ग | १० | श्री त्रि.त्रि.उ.मा.वि. | द्वितीय |
| ३. | श्री सुजन खनाल | १० | श्री युनिभर्सल मा.वि. | तृतीय |
| ४. | श्री सुजन मिजार | ९ | श्री भैरणी उ.मा.वि. | सान्त्वना |

## ९) मकवानपुर

१) जिल्ला : मकवानपुर

२) क. प्रवचन तथा पुरस्कार वितरण समारोह, मिति : २०७०/०७/११ गते
   ख. निबन्ध प्रतियोगिता मिति : २०७०/०६/१५

३) प्रवचन तथा पुरस्कार वितरण समारोह :
   क) उद्घाटन गर्नुहुने महानुभावहरुको नाम, पद र मन्तव्य : श्री गोकर्ण प्रसाद शर्मा, स्थानीय विकास अधिकारी, जि.वि.स.को कार्यालय, मकवानपुर
   मन्तव्य : खाद्य सुरक्षाको लागि खाद्यान्न उत्पादन गरेर मात्र हुँदैन, हामीले जोगाउन पनि सक्नुपर्छ ।

खाद्य सुरक्षाको लागि बढी अन्न उत्पादन त गर्नु पर्छ नै त्यसको साथसाथै गुणस्तरीय उत्पादनमा पनि हामीले ध्यान दिनु आवश्यक छ । यस खाद्य दिवसले सबै कृषक, गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरुलाई समेत कृषि उत्पादन वृद्धि तथा गुणस्तरीय उत्पादनमा सफलता मिलोस भन्ने शुभकामना दिन चाहन्छु ।

ख) सभापतित्व ग्रहण गर्नेमहानुभावहरुको नाम, पद : श्री महेश रेग्मी, वरिष्ठ कृषि विकास अधिकृत, जि.कृ.वि.का., मकवानपुर

ग) पुरस्कार वितरण गर्नु हुने महानुभावहरुको नाम, पद : श्री गोकर्ण प्रसाद शर्मा, स्थानीय विकास अधिकारी, जि.कृ.वि.का. समितिको कार्यालय, मकवानपुर

४) दिवस मनाउने सन्दर्भमा संचालन गरिएका कृयाकलापहरु

क) यस जिल्लामा विश्व खाद्य दिवस मनाउने सन्दर्भमा जिल्लामा रहेका कृषिसँग सम्बन्धीत विभिन्न गैर सरकारी संघ संस्थाहरुको समेत सहभागिता जुटाइएको थियो । परिवर्तन नेपाल, सामुदायिक विकास केन्द्र नेपाल (CCDN Nepal), मनहरी विकास संस्था, नेपाल (MDI Nepal), बहुआयामिक श्रोत केन्द्र, नेपाल (MRC Nepal), ETSC Nepal, FIAN Nepal र खाद्य अधिकार सञ्जाल जिल्ला समिति, मकवानपुर समेतको सहभागितामा बिहान प्लेकार्ड र ब्यानर सहित हेटौंडा बजारको विभिन्न स्थानहरुमा प्रभातफेरी भएको थियो भने यस कार्यक्रमको प्रचार प्रसारको लागि विश्व खाद्य दिवसको नारा सहितको ब्यानर बजारका मुख्य मुख्य ४ स्थानमा राखिएको थियो ।

ख) यही २०७० कार्तिक ११ गते जिल्ला कृषि विकास कार्यालय र सबै कृषि सेवा केन्द्रहरुमा समेत एकै पटक खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने विषयमा अन्तर मा.वि. निबन्ध प्रतियोगितामा सहभागी भै उत्कृष्टता हाँसिल गरेका ४ जना विद्यार्थीहरुलाई पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको थियो । CCDN Nepal ले कार्तिक १० गते गरेको अन्तर सहकारी संस्था स्तर हाजिरीजवाफ प्रतियोगितामा पुरस्कृत ४ वटा सहकारी संस्थालाई कप तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

करिब २५० जनाको उपस्थिति रहेको यस समारोहको संचालन वरिष्ठ कृषि विकास अधिकृत श्री महेश रेग्मीज्यूले गर्नु भएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय : "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|
| १. | श्री सविन्द्र विश्वकर्मा | श्री जनप्रिय उ.मा.वि., हटिया ९ | प्रथम | २०००।- |
| २. | श्री जोहन राई | श्री सूर्य मा.वि., राइगाउँ २ | द्धितीय | १५००।- |
| ३. | श्री जयन्ती थलान | श्री देवकी मा.वि., फापरबारी २ | तृतीय | १०००।- |
| ४. | श्री प्रमिशाा पौडेल | श्री बाल जागृती इ.मा.वि., हेटौंडा २ | सान्त्वना | ८००।- |

## १०) रौतहट

जिल्ला कृषि विकास कार्यालय रौतहटको आयोजनामा ३३ औं विश्व खाद्य दिवस मिति २०७० कार्तिक २१ गते खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने राष्ट्रिय नारालाई जिल्लाका कुना काप्चामा रहेका समुदायको बीचमा सप्रेशित गर्दै विभिन्न पक्षमा सरोकारवालाहरुको सहभागितामा विभिन्न कार्यक्रमको आयोजना गरी मनाईयो ।

यसै सिलसिलामा मिति २०७०/७/८ गते जिल्लाका सदरमुकाम गौरमा राष्ट्रिय नारालाई विषय बनाई अन्तर माध्यमिक विद्यालय निबन्ध प्रतियोगिता सम्पन्न गरियो । उक्त कार्यक्रममा विभिन्न स्थानका ७ वटा माध्यमिक विद्यालयका ७ जना छात्रा र ७ जना छात्र गरी जम्मा १४ जना छात्रछात्राहरुले भाग लिनु भएको थियो । प्रतियोगितामा पुरस्कृत हुने विद्यार्थीहरुको विवरण यस प्रकार छन् ।

| क्र.सं | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा | प्राप्त स्थान |
|---|---|---|---|---|
| १. | श्री अफिदा सिल्दकी | श्री जुद्ध मा.वि., गौर | १० | प्रथम |
| २. | श्री निवेश कुमार यादव | नमधारी वासुदेव उ.मा.वि. | १० | द्धितीय |
| ३. | श्री लुना कर्ण | श्री जुद्ध मा.वि., गौर | १० | तृतीय |
| ४. | श्री प्रदीप कुमार सार | ज.स.उ.मा.वि. | ९ | सान्त्वना |

मिति २०७०/७/२१ गते जि.कृ.वि.का.को सभाहलमा उक्त प्रतियोगिताको पुरस्कार वितरण तथा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने नारामा प्रवचन कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा जिल्लाका किसान संघ संगठनका प्रतिनिधि, सरोकारवाला संस्था, किसान प्रतिनिधिहरु, विद्यार्थी प्रतिनिधिहरु, विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा जिल्ला कृषि विकास कार्यालयका योजना अधिकृत श्री विकास कुमार शाहद्धारा सहभागीहरुलाई स्वागत मन्तव्य र हाल यस जिल्लाको खाद्यान्न स्थितिको सम्बन्धमा प्रकाश पार्नुभएको थियो । यसै गरी कार्यक्रममा उपस्थित अगुवा कृषकहरु, संचारकर्मी लगायतका वक्ताहरुले खाद्यान्नको पोषण तथा गुणस्तर र जिल्लामा खाद्य सुरक्षामा गनुपर्ने पहलहरु सम्बन्धी सरोकारवाला निकायहरुले आ-आफ्नो क्षेत्रबाट पहल गरे मात्र यो वर्षको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार सार्थक हुने धारणा अभिव्यक्त गनुभयो । सो कार्यक्रममा निबन्ध प्रतियोगिताका विजयी विद्यार्थीहरुलाई जिल्ला कृषि विकास कार्यालयका नि.वरिष्ठ कृषि विकास अधिकृत श्री राजनारायण राय यादव र प्रमुख अतिथि अगुवा कृषक श्री राम नरेश यादवद्धारा संयुक्त रुपमा पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । प्रवचन तथा पुरस्कार वितरण समारोहको अन्तमा राजनारायण यदव ज्यूले आफ्नो मन्तव्य सहित समापन गरिएको थियो ।

## ११) पर्सा

जि.कृ.वि.का. पर्सामा ३३ औं विश्व खाद्य दिवस २०७० को नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार सहित दिवस समारोह धुमधामका साथ मिति २०७०/०७/१३ गतेका दिन मनाइयो

। समारोहको अध्यक्षता स्थानीय विकास अधिकारी श्री गजेन्द्र कुमार ठाकुरज्यू र प्रमुख अतिथिको आसन ग्रहण सहायक प्रमुख जिल्ला अधिकारीज्यूले गर्नु भएको थियो । उक्त समारोहमा विभिन्न कार्यालयका कार्यालय प्रमुख प्रतिनिधि, पार्टी प्रतिनिधि, पत्रकार, कृषक, विद्यालयका शिक्षक, विद्यार्थी एवं अन्य बुद्धिजीवी महानुभावहरुको उपस्थिति सुसम्पन्न गरिएको थियो । समारोहमा जि.कृ.वि.का. पर्साका का.प्र. एवं व.कृ.वि.अ. श्री दिनेश प्रसाद रायज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो । यस खाद्य दिवसको उपलक्ष्यमा जिल्ला स्तरीय अन्तर मा.वि. निबन्ध प्रतियोगिता पनि गरिएको थियो र पुरस्कृत भएका छात्र/छात्रहरुलाई समारोहका सभापति श्री गजेन्द्र ठाकुर एवं स्थानीय विकास अधिकारीर सहायक प्रमुख जिल्ला अधिकारी ज्यूबाट प्रमाणपत्र र पुरस्कार वितरण गरिएको थियो ।

निबन्धको विषय: "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"
"Sustainable Food System for Food Securty and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|---|
| १. | सुश्री ट्वींकल अग्रवाल | ९ | श्री त्रिजुह उ.मा.वि., विरगञ्ज, पर्सा | प्रथम | २०००।- |
| २. | सुश्री खुश्बु कुमारी चौरसीया | १० | श्री दिव्य कन्या मा.वि, विरञ्चीवर्ष ७, पर्सा | द्धितीय | १५००।- |
| ३. | श्री अजित कुमार शाह | १० | श्री त्रिभुवन हनुमान मा.वि., विरगञ्ज, पर्सा | तृतीय | १०००।- |
| ४. | श्री जितेन्द्र प्रसाद कुसवाह | १० | श्री त्रिजुह उ.मा.वि., विरगञ्ज, पर्सा | सान्त्वना | ८००।- |

## १२) गोरखा

३३ औं विश्व खाद्य दिवस मनाउने सन्दर्भमा जिल्ला कृषि विकास कार्यालय गोरखामा मिति २०७०/७/६ गते जिल्ला स्तरीय अन्तर माध्यमिक विद्यालय निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो । यस वर्षको खाद्य दिवसको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार शिर्षक रहेको निबन्ध प्रतियोगितामा यस जिल्लाका ५ वटा माध्यमिक विद्यालयहरुबाट ६ छात्र र ४ छात्रा गरी १० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो जसमा ६ जना जनजाति र ४ जना अन्य रहेका थिए ।

यसै सन्दर्भमा उक्त दिन आयोजित निबन्ध प्रतियोगिताको उत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाई २०७०/७/१२ गतेका दिन जिल्ला कृषि विकास कार्यालय गोरखाको तालिम हलमा प्रवचन एवं पुरस्कार तथा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो । जिल्ला कृषि विकास कार्यालय गोरखाका वरिष्ठ कृषि विकास अधिकृत श्री राजेन्द्र कोइराला ज्यूको सभापतित्यमा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि जिल्ला विकास समितिको कार्यालय गोरखाका निमित्त स्थानिय विकास अधिकारी श्री कृष्ण बहादुर कार्कीज्यू हुनुहुन्थ्यो । उक्त समारोहमा जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखज्यू एवं प्रतिनिधिहरु, पत्रकारहरु, शिक्षकहरु, विद्यार्थीहरुका साथै कृषक समूह तथा सहभागि प्रतिनिधिहरु एवं कृषक दाजुभाइ तथा दिदी बहिनीहरुको उल्लेखनिय उपस्थिति रहेको थियो ।

जिल्ला कृषि विकास कार्यालयका योजना अधिकृत श्री कृष्ण प्रसाद पौडेलले संचालन गर्नुभएको उक्त कार्यक्रमको सुरुवातमा जिल्ला कृषि विकास कार्यालय गोरखाका बाली संरक्षण अधिकृत श्री रमेश चन्द सुवेदीले सहयोगी सम्पूर्ण महानुभावहरुलाईस्वागत गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यसपछि जिल्ला कृषि विकास कार्यालय गोरखाका योजना अधिकृत एवं कार्यक्रम संचालक श्री कृष्ण प्रसाद पौडेलले कार्यक्रमको महत्व र उद्देश्य बारे प्रकाश पार्नु भएको थियो ।

मन्तव्यको क्रममा निबन्ध लेखनमा सहभागी विद्यार्थीहरुको अभिभावकबाट श्री कमल प्रसाद लामिछाने ज्यूले विश्व व्यपी रुपमा समस्याको रुपमा रहेको भोकमरीलाई हटाउन हालको उत्पादनको दरमा वृद्धि गर्नुपरेको छ भन्दै यसको लागि सबै सरोकारवालाहरुले संयुक्त रुपमा कार्य गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको किसिम
निबन्धको विषय :- “**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**”
"Sustainable Food System for Food Security and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालय | प्राप्त स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री विश्वास श्रेष्ठ | १० | द आल्ड क्यापिटल उ.मा.वि., रानीवन | प्रथम | |
| २. | श्री नमुना लामिछाने | १० | श्री सरस्वती उ.मा.वि., आहाल | द्धितीय | |
| ३. | श्री सौरभ | १० | श्री सेन्टजोसेफ विद्यालय | तृतीय | |
| ४. | श्री ममता श्रेष्ठ | ९ | श्री मोर्डन इङ्गलिस बोर्डिङ्ग स्कुल, हरमटारी, गोरखा | सन्त्वना | |

## १३) तनहुँ

३३ औं विश्व खाद्य दिवस २०७० मनाउने सन्दर्भमा जिल्ला कृषि विकास कार्यालय तनहुँद्धारा मिति २०७०/७/८ गते जिल्ला स्तरीय अन्तर माध्यमिक विद्यालय निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो । यस निबन्ध प्रतियोगितामा यस जिल्लाका ७ वटा माध्यमिक विद्यालयहरुबाट ७ छात्र र ६ छात्रा गरी १३ जना विद्यार्थीको सहभागिता रहेको थियो । जसमा ५ जना जनजाती, ३ जना दलित र ५ जना अन्य रहेका थिए ।

यस प्रतियोगितामा उत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थहिरुलाई २०७०/७/१३ गतेका दिन जिल्ला स्थित सरकारी तथा गैर सरकारी संस्थाका प्रमुखहरु एवं प्रतिनिधिज्यू, समाजसेवी शिक्षक तथा विद्यार्थी कृषक समूह/सहकारीका प्रतिनिधिहरु, कृषकहरु सम्मिलित करिब ८० जना भन्दा बढीको समूहले जिल्ला विकास कार्यालयको तालिम हलमा प्रवचन तथा पुरस्कार एवं प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।

जिल्ला कृषि विकास कार्यालयका ब.कृ.वि.अ. श्री राजेन्द्र कुमार मल्लज्यूले स्वागत मन्तव्य साथै ३३ औं विश्व खाद्य दिवसको उद्देश्य तथा महत्व माथि प्रकाश पार्दै तनहुँ जिल्लामा खाद्यान्न अवस्था बारे जानकारी गराई आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा सभापति र प्रमुख कोष नियन्त्रक श्री

बर्दी प्रसाद घिमिरेज्यूबाट निबन्ध प्रतियोगितामा विजयी विद्याथीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । निबन्ध प्रतियोगितामा श्री शान्ति वर्ष अंग्रजी मा.वि., व्यास ८ चापाधारका कक्षा १० मा अध्ययनरत श्री उषा जोशी प्रथम, श्री चण्डीदेवी रा.उ.मा.वि. व्यास ५ कमलटारीका कक्षा १० मा अध्ययनरत छात्रा श्री स्मृति परयार द्धितीय, श्री शान्ति वर्ष अंग्रजी मा.वि., व्यास ८ चापाधारका कक्षा १० मा अध्ययनरत श्री क्षितीज कुँवर तुतीय र श्री उच्च मा.वि. जामुने ४ का कक्षा १० मा अध्ययनरत छात्रा श्री सोनु थापाले सान्त्वना स्थान प्राप्त गर्नु भएको थियो ।

अन्तमा प्रवचन तथा पुरस्कार वितरण समारोहका सभापति एवं स्थानिय विकास अधिकारी श्री छविलाल रिजाल ज्युले यस वर्षमा विश्व खाद्य दिवसको नारा सम्बन्धमा प्रकाश पार्दै कृषि क्षेत्रमा विकासको लागि उत्पादन बढाउनुको साथै खाद्य प्रणालीमा सुधार गर्नु पर्ने आवश्यकता माथि जोड दिंदै यसका लागि जि.वि.स. लगायत सबै सरकारी तथा गैर सरकारी संघ/संस्था एवं कार्यालयले स्पष्ट रणनिति बनाई समन्वय रुपमा अघि बढेमा लक्षित कायृक्रमलाई सफल पार्न सकिने विचार व्यक्त गर्नु भयो । कृषि उत्पादन बढाउन अनुसन्धान र प्रसार सँगसँगै जानुपर्ने र उत्पादनको दृष्टिले जहाँ जे बाली विषेशको सम्भावना छ त्यहाँ विशेष बालीलाइ् खेती गर्न प्रविधिमा विकास गर्नुपर्ने सुझाव दिंदै उपस्थित सबैलाई धन्यवाद टकयाउँदै आजका यस प्रवचन तथा पुरस्कार एवं प्रमाणपत्र वितरण समारोह सम्पन्न भएको घोषणा गर्नु भयो ।

## १४) स्याङ्जा

खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार/sustainable food system for food security and nutrition विषयेक जिल्ला कृषि विकास कार्यालय स्याङ्जाको आयोजनामा मिति २०७०/७/१० गते जिल्ला स्तरीय अन्तर मा.वि. निबन्ध लेखन प्रतियोगिता संचालन गरिएको थियो ।

यस जिल्लामा रहेका विभिन्न कार्यालयमा कार्यालय प्रमुखज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, कृषि सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकारज्यूहरु, शिक्षक तथा विद्यार्थीहरुलाई निमन्त्रण गरी विश्व खाद्य दिवस सम्बन्धी जानकारी मूलक ब्यानर विभिन्न ठाउँमा राखी मिति २०७०/७/१४ गतेका दिन जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीज्यूको अध्यक्षतामा समारोहको कार्यक्रम संचालन गरिएको थियो । जिल्ला विकास कार्यालयमा ब.कृ.वि.अ. श्री श्रीधर अधिकारी ज्यूले उपस्थित महानुभावहरुमा स्वागत मन्तव्य दिनको साथै विश्व खाद्य दिवस कार्यक्रम बारे मन्तव्य दिनु भएको थियो । नेपाल पत्रकार महासंघ स्याङ्जामा अध्यक्षज्यू, प्रमुख अतिथिज्यूले खाद्य सुरुक्षा तथा पोषणको बारेमा आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । निबन्ध कार्यक्रममा पुरस्कृत हुने छात्र तथा छात्राहरुलाई विशेष अतिथीज्यूबाट नगद, प्रमुख अतिथीज्यूबाट, प्रमाणपत्र तथा अध्यक्षज्यूबाट अबिर लगाउने कार्यक्रम भएको थियो । कार्यक्रम संचालनमा योजना अधिकृत श्री शिव पुजन गुप्ताले उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुका साथै कार्यक्रममा अध्यक्षज्यूबाट आफ्नो मन्तव्य सहित समारोहको समापन गरिएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विवरण :

निबन्धको विषय :- "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"

"Sustainable Food System for Food Security and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालय | प्राप्त स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सौदव्य रेग्मी | श्री इभर ग्रीन अंग्रेजी आ.मा.वि. | प्रथम | |
| २. | श्री सम्भ्कना शर्मा | श्री सर्वोदय उ.मा.वि. | द्धितीय | |
| ३. | श्री अन्जना सेन | श्री सरस्वती मा.वि | तृतीय | |
| ४. | श्री अनमोल भरासिनी | श्री रोसनी अंग्रेजी आ.उ.मा.वि., स्याङ्जा | सान्त्वना | |

## १५) कास्की

"खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार" "Sustainable Food System for Food Security and Nutrition" भन्ने नाराका साथ मिति २०७०/७/१० गते मंगलबारका दिन जिल्ला स्तरिय ३३ औं विश्व खाद्य दिवस विभिन्न कार्यक्रमका साथ मनाईएको थियो । जिल्ला कृषि विकास कार्यालय, कास्कीको आयोजनामा सिद्धार्थ क्लब र लि-वर्ड लि वर्ड, IDE नेपाल, कारितास र श्री कम्प्लेक्सको साझेदारीमा झाँकी सहितको प्रभातफेरी पश्चात प्रवचन तथा पुरस्कार वितरण कार्यक्रम गरी विश्व खाद्य दिवस कार्यक्रम सम्पन्न भएको थियो ।

जिल्ला कृषि विकास कार्यालय, विरौटाको प्राङ्गणबाट जनचेतनामुलक विभिन्न नारा अङ्कित प्लेकार्ड सहित बिहान १२:३० बजे शुरु भएको प्रभातफेरी राष्ट्र बैंक चोक, मुस्ताङ्गचोक परिक्रमा गर्दै पुन: जिल्ला कृषि विकास कार्यालयमा जम्मा भई प्रभातफेरी कार्यक्रम सम्पन्न भएको थियो । प्रभातफेरी कार्यक्रममा मिलनशार महिला कृषक समूह, लेखनाथ १२, कामधेनु महिला कृषक समूह, हेम्जा ४ र खराने ताजा तरकारी उत्पादन कृषक समूह, लेखनाथ ४ द्धारा नाचगान सहितको झाँकी प्रस्तुत गरिएको थियो । कार्यक्रममा जिल्ला स्थित राजनितिक पार्टीका प्रतिनिधिहरु, जिल्ला एवं क्षेत्रीय कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न कृषक समुहहरु एवं सहकारीका कृषकहरु, जिल्ला कृषि विकास कार्यालयका कर्मचारीहरु, विद्यार्थी, पत्रकार एवं संचारकर्मीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

प्रभातफेरी कार्यक्रम पश्चात जिल्ला कृषि विकास कार्यालयको सभा हलमा जम्मा भई प्रवचन तथा पुरस्कार वितरण कार्यक्रम संचालन भएको थियो । जिल्ला कृषि विकास कार्यालय, कास्कीका नि. कार्यालय प्रमुख श्री गंगा बहादुर थापा ज्यूको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथि क्षेत्रीय कृषि निर्देशक श्री धर्मदत्त बराल रहनु भएको थियो । कार्यक्रमको उद्घाटन यस कार्यक्रमका प्रमुख अतिथि ज्यूबाट गमलामा पानी हालेर भएको थियो ।

जिल्ला कृषि विकास कार्यलय, कास्कीका नि. कार्यालय प्रमुख श्री गंगा बहादुर थापा ज्यूले कार्यक्रममा स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्दै आफ्नो मन्तव्यको क्रममा अहिले विश्वमा १

अर्ब जनसंख्या खाद्यान्न अभावको चपेटामा रहेको बताउँदै नेपालमा पनि अहिलेबाटै सतर्कता अपनाउनु जरुरी रहेको विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विधाहरुमा पुरस्कृत कृषक तथा विद्यार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । ३३ औं विश्व खाद्य दिवस मनाउने सिलसिलामा यस वर्षको विश्व खाद्य दिवसको नारामा आधारित अन्तर मा.वि. निबन्ध प्रतियोगिता २०७०/६/३ गते संचालन गरिएको थियो । उक्त निबन्ध प्रतियोगितामा श्री मदरल्याण्ड उ.मा.वि. की छात्रा श्री यमुना अधिकारी प्रथम, श्री मदरल्याण्ड उ.मा.वि. का छात्र श्री मनिष भण्डारी द्वितीय, श्री अमर सिंह नमुना उ.मा.वि. का छात्र श्री प्रविण अधिकारी तृतीय र श्री कन्या मा.वि. की छात्रा श्री शर्मिला तिवारीले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । सोही निबन्ध प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरुलाई नगद पुरस्कार एवं प्रमाणपत्र प्रदान गरिएको थियो साथै उत्कृष्ट निबन्ध लेखी प्रथम स्थान प्राप्त गर्ने विद्यार्थबिाट आफ्नो बाचन गर्नुभएको थियो ।

यसैगरी जिल्ला कृषि विकास कार्यालय, कास्कीको गत आ.व.को स्वीकृत वार्षिक कायृक्रम अनुसार प्लास्टिक घर प्रतियोगितामा पुरस्कृत कृषकहरुलाई प्रमाणपत्र प्रदान गरिएको थियो । उक्त प्रतियोगितामा हेम्जा १ का श्री चित्रनाथ पौडेलले प्रथम, भलाम ७ का श्री रेशम बहादुर खत्रीले दोश्रो, लाहाचोक ८ की श्री बिष्णुमाया अधिकारीले तेश्रो र माझठाना ७ का कृषक श्री राधा कृष्ण तिवारीले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए साथै बाली विशेषका पुरस्कृत व्यवसायकि कृषक, सहकारी एवं निजी फर्महरुलाई प्रमाण पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा कृषकहरु मध्ये श्री रेशम बहादुर खत्री र श्री सरस्वती कार्की, सिद्धार्थ क्लबका कार्यक्रम निर्देशक श्री ज्ञानु के.सी, लि वर्डका पुष्पराज तिवारी, ने.क.पा. ज्यूहरुले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि क्षेत्रीय निर्देशक श्री धर्मदत्त बराल ज्यूले बढ्दो जनसंख्या र घट्दो उत्पादनले चुनौती थपेको बताउनु भयो । उहाँले खाद्य संकटनिवारणको लागि सामुहिक खेती आवश्यक भएको बताउनु भयो । मन्तव्यको क्रममा उहाँले हालसम्म खाद्य संकटको विकराल अवस्था नभए पनि कृषि योग्य भूमिको विनासले गर्दा भावि दिनमा आउने समस्या निदानको लागि बेलैमा सजग हुनुपर्ने बताउनु भयो । नेपालका पुराना बालीहरु कोदो र फापर दिन प्रतिदिन लोप हुन थालेकोले तिनलाई बचाउँदै गएमा खाद्य संकट टार्न सकिने कुरामा उहाँले जोड दिनुभयो । सो कार्यक्रमको संचालन जिल्ला कृषि विकास कार्यालयका प्रा.स. श्री लिला प्रसाद पंगेनी ज्यूले गर्नुभएको थियो ।

## १६) मनाङ्ग

जिल्ला कृषि विकास कार्यालय, मनाङ्गको आयोजनामा ३३ औं विश्व खाद्य दिवस २०७० खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार विषयमा मिति २०७० कार्तिक १३ गतेका दिन यस

कार्यालयमा संचालन भएको मा.वि. स्तरिय निबन्ध प्रतियोगितामा कुल सहभागी १३ जना छात्र, छात्रा मध्ये उत्कृष्ट ४ जना विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

| क्र.सं. | विद्यार्थीको नाम , थर | विद्यालय | पुरस्कृत स्थान |
|---|---|---|---|
| १. | श्री कुइसाङ्ग लामा | श्री लोकप्रिय उ.मा.वि., चामे | प्रथम |
| २. | श्री बिना गुरुङ्ग | श्री लोकप्रिय उ.मा.वि., चामे | द्धितीय |
| ३. | श्री अनुशा गुरुङ्ग | श्री प्रकाशज्योति उ.मा.वि., चामे | तृतीय |
| ४. | श्री अनु राना | श्री लोकप्रिय उ.मा.वि., चामे | सान्त्वना |

## १७) मुस्ताङ्ग

जिल्ला विश्व खाद्य दिवस समन्वय समितिको आयोजनामा मिति २०७०/७/१३ गते जिल्ला स्थित सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरु, विद्यार्थीहरु एवं कृषक समूह, कृषि सहकारी संस्थाका प्रमुखहरु सम्मिलित करिब ६० जनाको सहभागितामा सदरमुकाम जोमसोम बजारमा ब्यानर/प्लेकार्ड सहितको झाँकीले बजार परिक्रमा गरी विश्व खाद्य दिवस मनाइएको थियो । उक्त ऱ्याली जि. प. से.का., मुस्ताङ्गको समीक्षा हलमा प्रवचन तथा पुरस्कार वितरण समारोह गऱ्यो । उक्त समारोहको अध्यक्षता स्थानीय विकास अधिकृत श्री डिल्लीराम सिग्देलज्युले र प्रमुख अतिथिको आशन ग्रहण प्र.जि.अ. श्री जनकराज रेग्मीले गर्नुभएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय :- "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"

"Sustainable Food System for Food Security and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम, ठेगाना | पुरस्कृत स्थान | पुरस्कार रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री विसर्जन नेपाली | १० | श्री जनआदर्श मा.वि., कोवाङ | प्रथम | २०००।- | |
| २. | श्री विश्वास तुलाचन | १० | श्री योगेन्द्र उ.मा.वि., टुकुचे | द्धितीय | १५००।- | |
| ३. | श्री आदेश दर्जी | १० | श्री ज्ञानोदय मा.वि., लेते | तृतीय | १०००।- | |
| ४. | श्री शकुन्तला गौचन | ९ | श्री जनहित उ.मा.वि., जोमसोम | सान्त्वना | ८००।- | |

यस प्रवचन तथा पुरस्कार वितरण समारोहको प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री जनकराज रेग्मीले प्रतियोगिताको उच्कृष्ट विद्यार्थीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## १८) म्याग्दी

जिल्ला कृषि विकास कार्यालय म्याग्दीको आयोजनामा ३३ औं विश्व खाद्य दिवस खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार भन्ने नाराका साथ अन्तर मा.वि. स्तरीय निबन्ध प्रतियोगिता, पर्चा, पोष्टर वितरण तथा प्रवचन कार्यक्रमका साथ भव्य रुपमा सम्पन्न भयो । २०७० कार्तिक १५ गते प्रवचन तथा पुरस्कार वितरण समारोह आयोजना गरिएको थियो । निमित्त स्थानीय विकास अधिकारी श्री

केशवराज सुवेदीको अध्यक्षता र प्रमुख जिल्ला अधिकारी श्री चन्द्र बहादुर कार्कीको प्रमुख आतिथ्यमा र उप-सचिव श्री युक्त प्रसाद शर्माको विशेष आतिथ्यमा सम्पन्न उक्त समारोहमा वरिष्ठ कृषि विकास अधिकृत श्री वसन्त कुमार श्रेष्ठले अतिथिहरुको स्वागत गर्दै यस वर्षको नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार को बारेमा प्रकाश पार्नु भएको थियो भने प्रमुख अतिथि श्री कार्कीले सबैले खान पाउनु पर्ने अधिकार सुनिश्चित गर्न र खाद्यान्नमा सबैको पहुँच बढाउन खाद्य सुरक्षाका कार्यक्रमहरु गाउँघरमा पुऱ्याउनु पर्ने, जनचेतना मूलक कार्यक्रम संचालन गरिएमा जिल्लामा खाद्यान्नमा आत्म निर्भर हुने कुरा बताउनु भएको थियो । बागवानी विकास अधिकृत श्री भोजबहादुर थापाले कार्यक्रम संचालन गर्नुभएको र बागवानी विकास अधिकृत श्री पूर्णबहादुर बानियाले धन्यवाद ज्ञापन गनुभएको उक्त समारोहमा विभिन्न राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न कार्यालय संघ/संस्थाका प्रमुखहरु तथा प्रतिनिधि, शिक्षक, विद्यार्थी, पत्रकार र कृषकहरुको उल्लेख्य सहभागिता रहेको थियो । यसै सिलसिलामा असोज १७ गते मा.वि. स्तरीय निबन्ध प्रतियोगिता सम्पन्न भएको थियो । १० वटा मा.वि. का ८ छात्रा र छात्र गरी जम्मा १५ जना सहभागी रहेको उक्त प्रतियोगिताका विजयी छात्र/छात्रालाई प्रमुख अतिथि श्री कार्की र अध्यक्षद्धारा नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । मन्तव्यको क्रममा नि. स्थानीय विकास अधिकारी एवं समारोहका अध्यक्षले खेती गर्दै आएको जमिन बाँझो राख्ने क्रम बढ्दै जानु, मौसमी वर्षको आधारमा खेती, खडेरी आदीले उत्पादन घट्दै जाँदा खाद्यान्न अभाव हुने हुँदा खाद्य सुरक्षामा पहुँच पुऱ्याउनको लागि उन्नत प्रविधिको प्रयोगको साथै बजारको विकास आदी कुराहरु व्यवस्थित गनुपर्ने बताउनु भएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय :- “**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**”
"Sustainable Food System for Food Security and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान |
|---|---|---|---|
| १. | श्री पुजा ढुङ्गाना | श्री जामुनाखर्क उ.मा.वि., अर्धुङ्गे | प्रथम |
| २. | श्री प्रत्यस ढुङ्गाना | श्री बुद्ध एकेडेमी, ज्यामरुककोट | द्धितीय |
| ३. | श्री पविता रोका | श्री बुद्ध एकेडेमी, ज्यामरुककोट | तृतीय |
| ४. | श्री शदिस शर्मा | श्री बेनी सामुदायिक उ.मा.वि. | सान्त्वना |

## १९) गुल्मी

३३ औंविश्व खाद्य दिवस समारोहको सभापति : वरिष्ठ कृषि विकास अधिकृत
श्री चेतनाथ अधिकारी

प्रवचन/पुरस्कार वितरण समारोह भएको मिति : २०७०/०७/१४

निबन्ध प्रतियोगिता संचालन मिति : २०७०/०७/१३

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय : “**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**”

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|
| १. | श्री सरोज पन्थी | श्री अर्जुन बो. उच्च मा.वि., तमघास | प्रथम | २०००।- |
| २. | श्री शुभाष चुदाली | श्री गौरीशंकर ई.बो. स्कुल | द्वितीय | १५००।- |
| ३. | श्री मुना कुमारी महतो | श्री अर्जुन बो. उच्च मा.वि., तमघास | तृतीय | १०००।- |
| ४. | श्री विनीता ज्ञवाली | श्री गौरीशंकर ई.बो. स्कुल | सान्त्वना | ८००।- |

## २०) पाल्पा

जिल्ला कृषि विकास कार्यालय पाल्पाले विश्व खाद्य दिवस २०७० कार्तिक ८ गते कृषि विकास कार्यालयको तालिम हलमा ३३ औं खाद्य दिवस सम्पन्न गरियो । प्रमुख जिल्ला अधिकारीज्यूको प्रमुख आतिथ्य तथा स्थानीय विकास अधिकारी श्री दीर्घ बहादुर पोखेलको सभापतित्वमा संचालित उक्त कार्यक्रममा सरकारी कार्यालयका राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकारहरु तथा गैर सरकारी कार्यालयका प्रतिनिधिहरु उपस्थित रहेको थियो ।

स्वागत तथा कार्यक्रमको उद्देश्य माथि वरिष्ठ कृषि विकास अधिकृत श्री महेन्द्रराज कौडालले प्रकाश पार्नु भएको थियो ।

उद्देश्यको सारांश : संयुक्त राष्ट्र संघ खाद्य तथा कृषि संगठनको स्थापना तथा यसले खेलेको भूमिका पाल्पा जिल्लाको परिपेक्षमा जिल्लाको खाद्य सुरक्षा र पोषणको उपलब्धि बारे जानकारी गराउनु भएको थियो ।

**पुरस्कार कार्यक्रम**

खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार शिर्षकमा निबन्ध प्रतियोगितामा प्रथम श्री डिल्लीराज बस्याल, दमकडा उ.मा.वि. मदनपोखराले पुरस्कृत निबन्ध वाचन गरेर सुनाएका थिए । निबन्ध प्रतियोगितामा १२ विद्यालयका २३ जना छात्र/छात्राले भाग लिएका थिए ।

निबन्ध प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरु

| क्र.सं. | विद्यार्थीको नाम, थर | विद्यालय | पुरस्कृत स्थान |
|---|---|---|---|
| १. | श्री डिल्लीराज बस्याल | श्री दमकडा उ.मा.वि., मदनपोखरा | प्रथम |
| २. | श्री सजन अर्याल | श्री न्यू होराइजन उ.मा.वि., तानसेन | द्वितीय |
| ३. | श्री सागर पाण्डे | श्री शारदा उ.मा.वि., मदनपोखरा | तृतीय |
| ४. | श्री प्रकाश खाती | श्री वेथल इङ्गलिस बोर्डिङ्ग स्कुल, तानसेन | सान्त्वना |

**समापन कार्यक्रम**

यस जिल्लाका तपसिल अनुसारका उत्कृष्ट कृषि सहकारी तथा कृषक समूहहरुलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

१. तिलोत्तमा कृषि सहकारी संस्था लि., पोखराथोक पाल्पा
२. भन्ज्याङ्गपोखरा कृषि सहकारी संस्था लि., चिदीपानी
३. मदनपोखरा बहुउद्देश्यीय कृषि बजार सहकारी, मदनपोखरा
४. बगैंचा कृषक समूह, चिर्तुङ्गधारा
५. नवदुर्गा कृषक समूह, मुझुङ
६. तल्लो बडमान कृषि समूह, दर्घा

## २१) सल्यान

जिल्ला कृषि विकास कार्यालय सल्यानमा विभिन्न कार्यक्रमहरु सहित २०७०/०७/१५ गतेका दिन ३३ औं विश्व खाद्य दिवस मनाइएको थियो । यस समारोहमा प्रमुख अतिथि स्थानीय विकास अधिकृत श्री हरिहर बुढाथोकी हुनु भएको थियो । स्वागत मन्तव्य बाली संरक्षण अधिकृत श्री उमाशंकर पौडेल ज्यूबाट र यस ३३ औं विश्व खाद्य दिवस २०७० बारे जानकारी वरिष्ठ कृषि विकास अधिकृत श्री चेत नारायण पाण्डेयज्यूले दिनुभएको थियो । मिति २०७०/०६/१७ गते अन्तर मा.वि. स्तरीय निबन्ध प्रतियोगिता भएको थियो । पुरस्कार वितरण प्रमुख अतिथि र विशेष अतिथिज्यूहरुबाट भएको थियो भने आ-आफ्नो मन्तव्य समेत प्रस्तुत गर्नुभएको थियो । धन्यवाद ज्ञापन वरिष्ठ कृषि विकास अधिकृत श्री चेतनारायण पौडेलज्यूले दिनु भएको थियो भने यस प्रवचन तथा पुरस्कार वितरण समारोहका सभापति श्री तेज बहादुर भण्डारीज्यूबाट मन्तव्य सहित सभा विसर्जन गर्नु भएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र विद्यालय
निबन्धको विषय :- "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान |
|---|---|---|---|
| १. | श्री अनिल भण्डारी | श्री त्रि जन उच्च मा.वि., लुहामपीङ्ग, सल्यान | प्रथम |
| २. | श्री कोमल वली | श्री एम.एस. एकेडेमी, खलङ्गा, सल्यान | द्वितीय |
| ३. | श्री संग्राम | श्री सरस्वती उ.मा.वि., शिवरथा, पेदीखोला, सल्यान | तृतीय |
| ४. | श्री भावना सेन | श्री महेन्द्र मा.वि., पिपलनेटा, सल्यान | सान्त्वना |

## २२) बर्दिया

जिल्ला कृषि विकास कार्यालय, बर्दियाको आयोजनामा ३३ औं विश्व खाद्य दिवस २०७० खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार नारा सहित विविध कार्यक्रमहरु आयोजना गरी सम्पन्न भएको थियो । जिल्ला कृषि विकास कार्यालय र जिल्ला कृषि विकास एलायन्सको संयुक्त आयोजनामा मा.वि. स्तरिय निबन्ध प्रतियोगिता (जिल्ला स्तर), पञ्चेबाजा, विविध झाँकी र ब्यानर सहित नगर परिक्रमा, कृषि झाँकी, प्रतियोगिता आदी आयोजना गरिएका थिए । सो अवसरमा २०७० आश्विन १७ गते मा.वि. स्तरिय निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो । जसमा २४ विद्यालयका २३ छात्र र २२ छात्रा गरी ४५ जनाले सहभागिता जनाएका थिए ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय :- "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"
"Sustainable Food System for Food Security and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम , थर | विद्यालय | प्राप्त स्थान | पुरस्कार राशी |
|---|---|---|---|---|
| १. | श्री शर्मिला उप्रती | श्री सनराइज आवासीय मा.वि. | प्रथम | २०००।- |
| २. | श्री प्रेरणा चौधरी | श्री जय कालिका मा.वि. | द्वितीय | १५००।- |
| ३. | श्री शिक्षा शर्मा | श्री जनज्योति उ.मा.वि. | तृतीय | १०००।- |
| ४. | श्री नीशा शर्मा | श्री गुँरास उ.मा.वि. | सान्त्वना | ८००।- |

## २३) बाजुरा

२०७०/०८/२६ गते ३३ औं विश्व खाद्य दिवस २०७० को नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीका दिगो सुधारमा यस जिल्लाको अन्तर मा.वि. स्तरका छात्र/छात्रा बीच निबन्ध प्रतियोगिता गराइ पुरस्कार वितरण, प्रवचन र नगर परिक्रमा कार्यक्रम सम्पन्न भएको थियो । विश्व खाद्य दिवस पुरस्कार वितरण कार्यक्रममा अध्यक्षता नि.प्रमुख जिल्ला अधिकारी श्री जय बहादुर हितानज्यूले गर्नु भएको थियो र विशिष्ट अतिथिहरुको आसन ग्रहण गुल्मपति श्री उज्वल थापा र प्रहरी नायब निरीक्षक श्री जनकराज पाण्डेले गर्नुभएको थियो । कार्यक्रममा नि. वरिष्ठ कृषि विकास अधिकृत श्री रामशरण यादवज्यूले उपस्थित सबै महानुभावहरुलाई स्वागत र विश्व खाद्य दिवस २०७० को बारेमा जानकारी र आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रम व्यवस्थापन र प्रतिवेदन लेखन योजना अधिकृत श्री बैजनाथ महतोज्यूले गर्नु भएको थियो भने पुरस्कार वितरण नि. प्रमुख जिल्ला अधिकारी, गुल्मपति र प्रहरी नायब निरीक्षकज्यूले गर्नु भएको थियो र आफ्नो मन्तव्य दिनु भएको थियो । त्यस्तै विभिन्न वक्तामा नेपाली कांग्रेसका श्री पदम बहादुर बढुवालज्यू, एमालेका जिल्ला कार्य संयोजक श्री राजेन्द्र बहादुर कुँवरज्यू र ए.ने.क.पा. माओवादीका जिल्ला सदस्य संयोजक श्री राजेन्द्र बुढाले कार्यक्रम सम्पन्न गर्नुभएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय :- "**खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार**"

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|---|
| १. | श्री धनु कुमारी विक | ९ | श्री कन्भर्स एकेडेमी, मार्तडी | प्रथम | २०००।- |
| २. | श्री विकास साउद | ९ | श्री कन्भर्स एकेडेमी, मर्तिडा | द्वितीय | १५००।- |
| ३. | श्री लोक राज उपाध्याय | १० | श्री धुरालसेन मा.वि., वहमतोला | तृतीय | १०००।- |
| ४. | श्री समिर खड्का | ९ | श्री बडीमालिका इ.बा.स्कुल, मार्तडी | सान्त्वना | ८००।- |

## २४) बझाङ

जिल्ला कृषि विकास कार्यालय बझाङले २०७०/०७/१४ गते विश्व खाद्य दिवसको नारालाई निबन्धको शिर्षक माथि अन्तर मा.वि. निबन्ध प्रतियोगिता गराई जसमा ४ वटा विद्यालयका ८ जना छात्र/छात्राहरुको सहभागी भएको थियो र सोही दिन ती विद्यार्थीबाट लेखिएका लेख जाँच गरिएको थियो ।

२०७०/०७/१५ गतेका दिन जि.कृ.वि.का. का सम्पूर्ण कर्मचारीहरु, कृषकहरु, लगायत अन्यहरुको उपस्थितिमा ब्यानर, प्लेकार्ड सहित बजार परिक्रमा गरी जि.कृ.वि.का. मा समारोहको आयोजना गरिएको थियो । उक्त समारोहको अध्यक्षता स्थानीय विकास अधिकृत श्री नवराज कटेलज्यूले गर्नु भएको थियो भने प्रमुख अधिकारीमा श्रीमान् प्रमुख जिल्ला अधिकारी रहनु भएको थियो ।

३३ औं विश्व खाद्य दिवस २०७० को नारा खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार लाई आधार मान्नुका साथै बझाङ्ग जिल्लाको खाद्य स्थितिमा मध्यनजर गर्दै यस कार्यालयका व.कृ.वि.अ. श्री जगन्नाथ तिवारीज्यूबाट स्वागत मन्तव्यका साथै प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

यस खाद्य दिवस समारोहको उपलक्ष्यमा लिईएको अन्तर मा.वि. निबन्ध प्रतियोगिताको मूल्याङ्कन समितिबाट निबन्ध मूल्याङ्कन गरी निम्नानुसार नतिजा प्रकाशन गरिएको थियो ।

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्ताङ्क | प्राप्त स्थान |
|---|---|---|---|---|
| १. | श्री अम्बिका कुमारी जोशी | श्री सुनिपिपलचौर उ.मा.वि., सुवेडी, बझाङ्ग | ७६.२५ | प्रथम |
| २. | श्री शिवराज जोशी | श्री सत्यवादी उ.मा.वि., भोपुर, बझाङ्ग | ६४.५ | द्धितीय |
| ३. | श्री गणेश नेपाली | श्री सत्यवादी उ.मा.वि., भोपुर, बझाङ्ग | ६४.० | तृतीय |
| ४. | श्री यज्ञराज रताला | श्री सुनिपिपलचौर उ.मा.वि., सुवेडी, बझाङ्ग | ६२.२५ | सान्त्वना |

## २५) कैलाली

जिल्ला कृषि विकास कार्यालय, कैलालीको आयोजनामा ३३ औं विश्व खाद्य दिवस २०७० खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार नारा सहित मिति २०७० कार्तिक १४ गते विविध कार्यक्रमहरु आयोजना गरी मनाइएको थियो । जिल्ला कृषि विकास कार्यालय र जिल्ला कृषि विकास समितिको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा मा.वि. स्तरिय निबन्ध प्रतियोगिता (जिल्ला स्तर), पञ्चेबाजा, विविध झाँकी र ब्यानर सहितको जुलुसले नगर परिक्रमा गरेको थियो ।

खाद्य दिवस मुल समारोह समिति तथा जिल्ला कृषि विकास समितिका सदस्य सचिव एवं वरिष्ठ कृषि विकास अधिकृत श्री खगेन्द्र प्रसाद शर्मा ज्युको अध्यक्षतामा सम्पन्न भएको थियो । आयोजित कार्यक्रममा जिल्ला कृषि विकास कार्यालयका योजना अधिकृत श्री चन्द्रा जोशीले उपस्थित सबै अतिथिहरुलाई स्वागत तथा कार्यक्रमको उद्देश्यको बारेमा प्रकाश पार्नुभएको थियो ।

मिति २०७० कार्तिक ११ गते मा.वि. स्तरिय निबन्ध प्रतियोगिता आयोजना गर्नुका साथै उक्त समारोहमा बढी अन्न उत्पादन प्रतियोगिता, बढी माछा उत्पादन प्रतियोगिता, तरकारी उत्पादन प्रतियोगिता गरी पुरस्कृत हुने कृषकहरुलाई नगद र प्रमाणपत्र प्रदान गरिएको थियो । पुरस्कार वितरण कार्यक्रम पश्चात कार्यक्रमको अध्यक्ष एवं वरिष्ठ कृषि विकास अधिकृतज्यूले आफ्नो मन्तव्य राख्दै कैलाली जिल्ला खाद्य सुरक्षित जिल्ला भएपनि उत्पादकत्व वृद्धि गर्ने चुनौती अझै रहेको र यस जिल्लामा कृषि व्यवसायीकरण गर्न सकिने सम्भावनाहरु धेरै रहेकोले सोही अनुरुप कार्यक्रम संचालन गरी कृषकहरुको आय स्तरमा वृद्धि गरी खाद्य सुरक्षामा थप सुनिश्चितता गनुपर्ने र यसका लागि यस्ता कार्यक्रमहरुबाट जनचेतना फैलाउनु पर्ने बताउनु भएको थियो । खाद्य उत्पादनको मुख्य उत्पादन क्षेत्र र मुख्य उत्पादन संसाधन भूमी र जलको प्रयोग अन्य क्षेत्रमा हुने गरेको र उब्जाउ योग्य कृषि भूमीको रुपान्तरण, पूर्वाधार, आवास, औद्योगिक आदी क्षेत्रमा भएको चूनौतीपूर्ण समस्याले दिगो खाद्य सुरक्षा सुनिश्चित गर्न अवरोध हुने भन्नुभयो । साथै खाद्य सुरक्षाको सुनिश्चितताको लागि गा.वि.स., न.पा., जि.वि.स. मा समेत केन्द्रको अतिरिक्त कृषि क्षेत्रमा लगानी बढाउन अनुरोध गर्ने मन्तव्य सहित कार्यक्रम समापन गर्नुभएको थियो ।

निबन्ध प्रतियोगितामा पुरस्कृत भएका विद्यार्थीहरुको नाम, ठेगाना र पुरस्कारको विवरण

निबन्धको विषय :- **“खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार”**

"Sustainable Food System for Food Security and Nutrition"

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | प्राप्त स्थान | पुरस्कार रकम |
|---|---|---|---|---|
| १. | श्री ग्रीष्म ओझा | श्री जेसीस एभरेष्ट इ. स्कुल, धनगढी | प्रथम | २०००।- |
| २. | श्री राम नागरी | श्री गुह्येश्वरी मा.वि., गेटा | द्वितीय | १५००।- |
| ३. | श्री सुभान भाट | श्री जेसीस एभरेष्ट इ. स्कुल, धनगढी | तृतीय | १०००।- |
| ४. | श्री रीता भट्ट | श्री ऐश्वर्य मा.वि., धनगढी | सान्त्वना | ८००।- |

# ३३ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा
# जिल्ला कृषि विकास कार्यालयद्धारा आयोजित विद्यालय स्तरिय
# "खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार"
# (Sustainable Food Systems for Security and Nutrition)
# विषयक निबन्ध प्रतियोगितामा
# पुरस्कृत ठहरिएका केहि निबन्धहरूको झलक

# Sustainable Food System for Food Security and Nutrition

A child with sunken eyes and hollow cheeks, whose body seems as if he doesn't have a trace of adipose tissue, whose delineated vertebrae represent nothing in this world is so rare and dear than food to him, who cries buckets just for food; struggles just for survival. For sure, there are such thousands of children in the world, who are living without their soul, for food is the soul of survival. No doubt, lots of children, pregnant women, lactating mothers are strained to face awful death, not because of natural causes or accidents, but because of human invited cause i.e. food insecurity.

Obviously food insecurity is an issue of major concern in present context; it is as catchy as heartburning, as sensational as sensitive it is in itself. The world is crying out for a remedy that could uproot it from the world. Hence, "Sustainable food system" is today's need and only one panacea for it. The world sustainable can be best described as anything which is capable of being sustained or better to say, which lasts for long. For e.g.; sustainable development, sustainable use of means and resources. Similarly, sustainable food system deals with production, processing, distribution and consumption of food and disposal of wastages in such a way that the food system and farm system can be handed to future generation, fulfilling the present needs of the world. In other word, it is the system that sustains the life of people and the Earth too.

Until recently, developed nation did care less about the food scarcity. It was never a problem in their remotest imagination. Whenever, there occurred any food scarcity or famine, the obvious response was to give food aid. What happens, if the quantum of food scarcity is too large and if the same swallow the whole world? Today we are on the brink of major food crisis that can be handled only by sustainable food system. Sustainable foods are the real food that our body is designed to eat. They are healthy for us and do not cause any negative side effects on the environment. Additionally, they are human for both workers and animals. However, the food doesn't rain, it is to be generated. And sustainable agriculture food paves a way for the production of sustainable food in a large quantity, which reduces the dependency of more than 90% of people over industrial agriculture. It proves that sustainable food system is wholly related with sustainability in the agriculture practices.

Moreover, sustainable agriculture can change the face and fate of the people. Some decades ago, the global food production was double the requirement to fulfill the needs of the people. Its main credit goes to industrial agriculture system. It was possible because people were in their craze to maximize the immediate result on investment; they forgot the limit to growth. Though they may have produced food products in large extent but at the cost of lots of coming generation. For e.g. With the maximum use of chemical fertilizers, insecticides and pesticides the production obviously increase beyond our imagination but it's all temporal, such act leaves a permanent effects on the yielding capacity of soil, which turns the soil into infertile slowly in

coming days. Its main reason that Australia reduced its export of food grains to one third of the previous level, China drastically cut back its export of rice and India has almost banned the export of wheat and rice. What these countries lack is nothing other than sustainable agriculture pattern. It has lots of to give for the betterment of the world. Most prominently such farming practices reduces the maximum use of insecticides and pesticides. Its main focus is on use of organic manure that not only increases the yielding of but also sustains the life of farmer. Furthermore, such organic products carry premium price in the market. So the productivity of sustainable agriculture translates to increased income for the farmer. If the farmers are self dependent and safe from poverty, then the outcome is always positive.

Similarly, we can have our own self sufficient agriculture supply, self sufficient grass root, if it is implemented at local level. We don't have to be necessarily being dependent over the global distribution of food supply. The farmers get a golden opportunity to improve the local product with low cost as readily and locally available technologies are used. It can be ensured that every members of the locality get nutritional and healthy food at an affordable price, since the local products can be made accessible to all. As a result, no children need to go to bed with empty stomach; we don't have to see our relatives dying from anemia, rickets or deadly diseases like malfunctioning of brain any more.

Likewise it also addresses the problem of price rise of every product. If the price of food continue to rise in such a way that, the food nots that historically marred Africa will spread all over the world. Today, almost every country of Africa is influenced by price rise and inflation problem. According to the experts, it's because these countries have almost neglected the agriculture sector. It concludes that sustaining the agriculture system can combat with the biggest threat to human, which has endangered lots of life, food scarcity.

How can we deny the fact that the population is set to increase to 9 billion by 2050. If we continue to act as we do today then, by that time, the need of people will increase by three times the Earth can supply which means change needs to happen. That must be in the field of agriculture. Although it may seem challenging to change the practice that has being adopted for so long, at once; yet it can be fackled because somebody says "challenges are the opportunities in disguise". So, first off farmers, who are the main hero, must be encouraged to adopt sustainable agriculture practice. But sadly, lots of farmers are unaware about it perhaps, the awareness raising programs can be our effective weapon to fight against the illiteracy and ignorance, it can be induced in our education system and curriculum too. The conversion of agriculture land for industrial purpose must be minimized if they are not related with agro-products. Similarly, the government should come forward with some effective and sustainable policies, action plan with clear objectives and vision. It must commit more grants in the programs related with sustainability. Besides adopting the policy of sustainability while producing, it must be concerned that food is not wasted. Unfortunately what's going on a present context can be a matter of shame to every responsible human. The consumers of rich

countries are mostly involved in throwing food. As a matter of fact, they waste almost as much food as the net entire production of sub-Sahara Africa.  Sadly, these people are not conscious that food wasted globally is more than enough to feed one billion hungry people of the world. While in developing countries, the food is wasted on the way till it reaches to consumers because of ineffective drying and processing. The transportation facility is also main hurdle because of which the fruits and vegetables that are probable of being decayed can't be transported to the destination at ease. Before throwing a single piece of grains, remember those children of South Africa who are sad to be living, until their small and delicate hands are able to scratch Earth just to find insects, until soil feels mercy upon such children and provide them with mineral salt.

Rightly said "you must be the change you wish to see in the world". Yes, the best started is nobody but you. Every individual can play a determining role in stopping the food wastage. Either it be at home or be at market while buying food products or it be in cafeteria. We are the consumers and we have consumer right that can change the world. So let's use it! Let's buy as much as we need only, share the food, share happiness, cover the leftover and have it later. We must be conscious while storing. We must respect and support the sustainable policy. Let's encourage industries to donate edible surplus food to charities, let's create awareness among consumers, retailers and industries. Our small effort can change the whole world.

The day isn't far, when we should be facing the food insecurity globally, if we are not conscious beforehand. That will be the last chapter of our life. After the chapter closes, there will be no any trace of life in this green planet. The people of future, perhaps people of next planet would then read of man only in stories and say "once upon a time, lived a being called man on this planet. He was 5 feet and hale or a bit tall was very intelligent but killed himself because of his own foolishness and ignorance". To sum up, food is the basis of our survival for its security, sustainable food system is a must let's not limit the policies and plans only in paper, lets materialize it, let's get united and say in unison "LOVE FOOD, HATE WASTE".

**नाम : यमुना अधिकारी**
**विद्यालयको नाम : मदरल्याण्ड उच्च माध्यमिक विद्यालय**
**कास्की, पोखरा**

## विषय : खाद्य सुरक्षा र पोषणको आधार, खाद्य प्रणालीमा दिगो सुधार

खाद्य अर्थात सामान्य भाषमा भन्नुपर्दा खाना, जसले मानव जीवनमा एक महत्वपूर्ण भूमिका निभाएको हुन्छ जसले मानव शरिरलाई दैनिक जीवनमा गरिने विभिन्न प्रकारका क्रियाकलापहरु, परिश्रमहरु आदी गर्नका निम्ति शक्ति प्रदान गर्दछ भने विभिन्न रोगहरुबाट शरिरलाई बचाउन तथा उक्त रोग विरुद्ध लड्ने क्षमता शक्ति प्रदान गरी शरिरलाई स्वस्थ राख्दछ जसलाई खाना भनेर बुझ्दछौं । अर्थात सामान्य अर्थमा भन्नुपर्दा मानव जीवनमा शरिरलाई आवश्यक पर्ने शक्ति, वृद्धि विकास आदी गर्नको निम्ति समग्र रुपमा प्रोटिन, भिटामिन, कार्बोहाइड्रेट आदी जस्ता पोषक तत्वलाई समिश्रण गरी वा उक्त पोषक तत्व प्राप्त गरिने विभिन्न अन्न, फलफूल, सागसब्जी आदीको संगठित रुपलाई हामी सामाग्री भनेर बुझ्दछौं भने खाद्य सुरक्षा भन्नाले उक्त खाद्यान्नको सवैप्रथमत् उक्त खाद्यान्नको स्वस्थ बिउ छनौट देखि लिएर उत्पादित अन्नबालीलाई कसरी लामो समयसम्म सुरक्षित राखी दिगो रुपमा प्रयोगमा ल्याउन सकिन्छ भन्ने अर्थ बुझाउँछ भने पोषण भन्नो उक्त खाद्य पदार्थहर मध्ये अन्नमा के पौष्टिक पदार्थ पाइन्छ भनी गरिने छनौट तथा उक्त पौष्टिक पदार्थलाई कसरी संरक्षण गरी मानव जीवनमा प्रयोगमा ल्याउन सकिन्छ तथा यसलाई कसरी खेर जानबाट बचाउन सकिन्छ भन्ने सम्पूर्ण कुराहरु यस अन्तर्गत पर्दछन् भने पोषण अन्तर्गत हामी प्रोटिन, भिटामिन, कार्बोहाइड्रेट, खनिज पदार्थ आदीलाई लिन सक्दछौं । जसले मानव शरिरलाई वृद्धि विकास गर्नुमा मद्दत गनुका साथै शरिरलाई विभिन्न रोगहरुबाट बचाई स्वस्थ रहन मद्दत पुर्‍याउँछ ।

खाद्य सुरक्षा र पोषणको संरक्षण आजको समयमा एक जटिल विषयको रुपमा स्थापना हुन पुगेको छ । किनकी आज जति पनि अन्नबाली उब्जाइनछ, ती पूर्ण रुपमा स्वस्थ एवं पौष्टिक यूक्त रहन छाडेका छन् । जसबाट यसमा पाइने पोषणका तत्वहरु पनि नासिने तथा उक्त खाद्य पदार्थ मानव जीवनको लागि अनुकुल भई एक अस्वस्थ खाद्य पदार्थ बन्न पुगेको छ । यसो हुनुको प्रमुख कारणको देशमा बढीरहेको जनसंख्या वृद्धिका कारण खानको अभाव हुनु तथा कम जग्गामा नै यति धेरै जनसंख्याको निम्ति आवश्यक अन्नबाली उत्पादन गर्नुपर्ने स्थिति भएका कारण हो । जसकारण जनसंख्या चापका कारण जग्गा जमिनको अतिक्रमणमा वृद्धि भई थोरै जगामा खेती गर्नुपर्ने स्थिति भएका कारण थोरै जगामा नै धेरै उत्पादन गर्नका निम्ति अनावश्यक रसायनिक मलको प्रयोग हुन थालेको छ । जसबाट खाद्य पदार्थ पनि अस्वस्थकर तथा पोषणहीन हुन पुगेका छन् । यसका साथै दोश्रो कारणको रुपमा कृषक अर्थात मानिसहरुमा थोरै समयमा नै अन्नबाली धेरै उब्जाउने जस्ता गलत चेतनामा वृद्धि हुन पुगी विभिन्न नाम गरेका स्वस्थ बिउ छनौट गरिने पनि एक अर्को कारणको रुपमा रहेको छ । तसर्थ यसरी विभिन्न कारणले गर्दा हालको समयमा अस्वस्थकर खाद्य पदार्थ तथा पोषणहीन खाद्य पदार्थले मानव जीवन बीच स्थान ओगटेको छ । यसरी उत्पादित अस्वस्थकर खाद्य पदार्थ जुन पोषण रहित रहेको हुन्छ त्यस्तो प्रकारको खाद्यान्न हामीले नै प्रयोग गर्दछौं । एकैछिन हामीले उक्त विषयलाई मध्यनजर गर्दै राष्ट्रको भविष्य तर्फ सोच्ने हो भने यसले भोलिका दिनमा एक अत्यन्त जटिल समस्या उतपादन गर्दछ । जस्तै हामी उदाहरण कै निम्ति लिन सक्छौं की देशका युवा जसको काँधमा एउटा राष्ट्रको विकास गर्ने प्रमुख दायित्व रहेको छ जसले राष्ट्र विकासको निम्ति नयाँ नयाँ सोच विचारका साथ राष्ट्रलाई परिवर्तन गर्नुपर्दछ तर यदि उक्त युवाहरु नै स्वयम् आफैमा अस्वस्थकर खाद्य प्रणालीको सिकार भउका छन् जसको मष्तिस्क नै एक

अस्वस्थ ढंगबाट वृद्धि विकास हुन पुगेको छ भने उसले कसरी राष्ट्रको, यहाँको जनताको जीवनस्तरमा सुधार तथा देशलाई परिवर्तन गर्न सक्दछन् । उदाहरण कै लागि हामी विकसित राष्ट्रहरु कमेरिका तथा युरेपियन राष्ट्र तथा त्यहाँका जनताहरुलाई लिन सक्दछौं । हेर्नुहोस् त त्यहाँ उनीहरु आफ्नो स्वास्थ प्रति कति चिन्तित हुन्छन जसकारण उनीहरु स्वस्थ खाद्य पदार्थको प्रयोग तथा उत्पादनमा विशशेष ध्यान पुऱ्याउँछन । जसकारण उनीहरुको सही निर्णयको स्वस्थ खानाको छनौट तथा प्रयोग नै उनीहरुको स्वस्थ शारिरीक तथा मानसिक विकासको प्रमुख कारण रहेको छ । जब उनीहरुको मानव मष्तिस्क त्यसरी विकास भएको छन् भने त्यहाँको जनशक्ति तथा युवाहरुको स्वस्था मस्तिष्क तथा स्वस्थ शरिरको शारिरीक परिश्रम, मेहेनतबाट नै उक्त राष्ट्रहरु विकासको गतिमा अघि बढेका छन् । तसर्थ मानव जीवनमा खाद्य सुरक्षा एवं यसको उक महत्वपूर्ण विषय रहेको छ ।

हामीले माथि नै भनीसक्यौं की मानव जीवनमा खाद्य सुरक्षा एवं पोषणको संरक्षण अति महत्वपूर्ण रहेको छ । तर अब उक्त खाद्य सुरक्षा एवं पोषणको संरक्षण कसरी गर्न सकिन्छ त ? यो प्रश्न पनि त सँग सँगै उब्जन्छ नि । हो त्यसैले हामीले यसका संरक्षणका उपायहरु अर्थात यसका समाधानका उपायहरु पनि खोज्नुपर्दछ । तसर्थ खाद्य सुरक्षा तथा पोषणको संरक्षणका निम्ति गर्न सकिने केहि उपायहरु निम्न लिखित रुपमा रहेका छन् । जुन निम्न प्रकारका छन् ।

१) सर्वप्रथम त सही तथा स्वस्थ उपयुक्त बिउको छनौट
जब हामीहरुले अर्थात कृषकहरुले आफ्नो बाली भित्राउने गर्दछन त्यसै समयमा राम्रा तथा स्वस्थ किसिमका बिउहरुको जम्मा गरी दोश्रो पटक बाली लगाउने समयमा प्रयोग गर्न सकेमा पनि खाद्य सुरक्षा गर्न सकिन्छ ।

२) बाली भण्डारणको समयमा विशेष ध्यान तथा योजना
यदि हामीले बाली भण्डारण गर्ने समयमा नै विशेष ध्यान पुऱ्याउन सक्यौं भने पनि खाद्य सुरक्षा गर्न सकिन्छ । जसको निम्ति हावा छिर्ने किसिमका कोठामा भण्डारण गर्ने, जुटको बोरामा राखेर भण्डार गर्ने वा चलनचल्तीका भकारी आदीको निर्माण गर्दा पनि बाँसको निर्मित सामानको प्रयोग गर्नुपर्दछ ।

३) उक्त अन्नबाली प्रयोगको वा पकाउँदा गर्नुपर्ने विशेष ध्यान
